# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष १० | अंक ७९ | काठमाडौं | मंगलबार, २६ असार २०८० | Prabhab National Daily | Tuesday, July 11, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-




## संसद्मा प्रधानमन्त्री दाहालको आत्मालोचना

थोरै भावनामा म आएँ । मैले त्यो कुरा नभने हुन्थ्यो । भन्नुपर्ने जरूरी थिएन । तर मैले भनें । मनमा आयो भनें । राष्ट्रप्रति नै घात गर्ने कुरा हो त यो ?

■ **पुष्पकमल दाहाल**
प्रधानमन्त्री

हामीले उहाँ (प्रधानमन्त्री)को पारिवारिक पीडामा मजाक गरेका होइनौं । हामी अरू केहीजस्तो निर्दयी होइनौं र छैनौं । देशको प्रधानमन्त्रीको अभिव्यक्ति र व्यवहारप्रति कठोर प्रश्न छन् ।

■ **योगेशकुमार भट्टराई**
सांसद, नेकपा एमाले

■ **जेबी योञ्जन**

**काठमाडौं-** आफ्नै बोली गलपासो बनेपछि सोमबार प्रधानमन्त्री पुष्पकमल दाहाल आत्मालोचनाका लागि संसद्को रोस्ट्रममा उभिए । पटक-पटक पदबाट राजीनामा मागेको सम्झेर होला, रोस्ट्रममा उभिनसाथ दाहाल आक्रोशित सुनिए । 'स्पष्टीकरणको मौका नदिई राजीनामा माग्ने ?,' उनको प्रश्न थियो, 'संसद्को मर्यादा यही हो ?' दाहालले प्रश्नमाथि प्रश्न गरे । 'के प्रतिपक्षीले राजीनामा माग्नेबित्तिकै प्रधानमन्त्रीबाट राजीनामा दिनुपर्ने हो ?' यति सोधेपछि 'कुल' भए उनी । आफू 'काउन्टर'का लागि उपस्थित नभएको उल्लेख गर्दै आत्मालोचनातर्फ अघि बढे ।

'एकपटक मलाई प्रधानमन्त्री बनाउन धेरैपटक दिल्ली पनि जानुभयो । काठमाडौंमा पार्टीका नेताहरूसँग उहाँले लगातार छलफल गर्नुभयो । उहाँ राजनीति सफा भयो भनेमात्रै देश विकास हुन्छ भन्ने विश्वास पनि गर्नुहुन्छ,' सरदार प्रितम सिंहबारे अघिल्लो साता (१८ असार)मा दिएको यही अभिव्यक्तिका कारण रोस्ट्रममा स्पष्टीकरणका लागि उभिनुपऱ्यो प्रधानमन्त्रीलाई ।

यही बोलीका कारण प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले लगातार गरेको संसद् अवरोध र राजीनामाको मागले हैरान भएका दाहालले सुरुमै प्रितम सिंहसँगको साइनो जोडे । 'छोरी ज्ञानुको उपचारको क्रममा नेपालबाट नेपालबाट दिल्लीको अस्पतालमा जानुपर्ने भयो । २०६८/७९ सालको कुरा । मेरो छोरा प्रकाश-उसको पनि अवसान भइसकेको छ,' सरदारसँगको साइनो जोड्दै दाहालले भने, 'सरदार प्रितम सिंहसँग काठमाडौंमै एक किसिमको सम्बन्ध बनिसकेको थियो । छोरीको उपचारका क्रममा दिल्लीमा मेरो आफ्नै फ्ल्याट छ भने ।' सोही बेला भावनात्मक कुरा भएको उनको भनाइ थियो । (**बाँकी पृष्ठ ३ मा**)

# अमेरिकी चासोले अप्ठेरोमा देउवा

■ **प्रभाव संवाददाता**



- पछिल्लोपटक आरजुमाथि अनुसन्धान फेरि सोभिनु कांग्रेस सभापति देउवालाई थप अप्ठेरो पार्नु भएको बताइएको छ
- कांग्रेस महामन्त्री गगन थापाले कांग्रेसभित्रका असन्तुष्टि निरन्तर पोख्न थालेको घटनाबाट देउवा झनै अप्ठेरोमा
- पछिल्लोपटक नेपाली राजनीतिमा अमेरिकी चासो बढ्न थालेको कांग्रेस नेता डा. नारायण खड्काबाटै पुष्टि

**काठमाडौं-** नेपाली राजनीतिको आवरण हेर्दा शेरबहादुर देउवा नेपाली कांग्रेसका सभापतिमात्र हैनन्, सत्ताको हर्ताकर्तासमेत हुन् । प्रधानमन्त्री पुष्पकमल दाहाललाई छेउकुना गर्ने शक्ति भएका देउवा अहिले निकै आपत्मा परेका चर्चा चल्न थालेको छ । आफ्ना विश्वासपात्र बालकृष्ण खाण पक्राउ परेयता देउवा राजनीतिक गतिविधिमा खासै खुलेर लागेको देखिँदैन ।

नेपालीलाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने प्रकरणमा खाण अहिले जेलमा छन् । देउवानिकट कांग्रेस नेता आङटावा शेर्पा पनि जेलमै छन् । अरु अभियुक्तसहित दुवै कांग्रेस नेता पूर्पक्षका लागि थुनामा पर्दा हरेक दिन खाण पक्षधर नेताहरू धुम्बाराहीस्थित देउवानिवास धाउँछन्, खाणलाई छुटाउन खबरदारी गर्छन् । त्यही कारणले होला केन्द्रीय सदस्यसमेत रहेका खाणलाई देउवाले अहिलेसम्म कारबाहीको डण्डा चलाउन सकेका छन् ।

खाण पक्राउ परेपछि प्रश्नबाट बच्न देउवाले लामो समय केन्द्रीय समितिसमेत स्थगित गरे । अन्ततः दुई महिनामा एकपटक बस्नुपर्ने वैधानिक बाध्यता भएको कांग्रेस केन्द्रीय समिति भदौपछि पहिलोपटक भोलि बुधबार बस्दै छ ।

### आरजुमाथि आक्रमण

शरणार्थी प्रकरणमा कांग्रेसका खाण र शेर्पामात्र हैनन्, बालकृष्णपत्नी मञ्जु र देउवापत्नी आरजु राणा देउवाको नाम पछि जोडिएको छ । यो प्रकरणमा आरजुलाई पैसा दिएको भन्दै पक्राउ परेका सन्देश शर्माले बयान दिएका थिए ।

आरजुले अडियो 'फेक' भन्दै नेपाल प्रहरीको साइबर ब्युरोमा निवेदन दिंदा बालबाल बचेकी थिइन्, अनुसन्धानबाट । तर, उक्त स्वर सन्देश शर्माकै भएको पुष्टि प्रहरीले गरेको छ ।

भुटानी शरणार्थी प्रकरणमा पक्राउ परेर थुनामा रहेका दाङका शर्मा ठगी तथा संगठित अपराध कसूर मुद्दामा अनुसन्धानका लागि थुनामा छन् । त्यही निवेदनमाथि अनुसन्धान गर्दा त्यो अडियो शर्माको आवाजसँग मिलेको आइतबारमात्र नेपाल प्रहरीका प्रवक्ता कुवेर कडायतले जानकारी दिएका हुन् । सोमबार आरजुले उक्त स्वर सन्देशकै भएको स्विकारेकी छन् ।

'त्यो मान्छे केसमा मुछिएको मान्छे हो । तर उसले भनेको बयान गलत हो,' प्रतिनिधिसभाको बैठकपछि सञ्चारकर्मीसँग कुराकानी गर्दै आरजुले आफू चोखै रहेको दाबी गरिन् । मञ्जु खाण लामो समय फरार रहेपछि सदनमा उपस्थित भएकी थिइन् । पछिल्लोपटक आरजुमाथि अनुसन्धान सोझिनु कांग्रेस सभापति देउवालाई थप अप्ठेरो पार्नु भएको बताइएको छ । केही समयअघि भ्रष्टाचार काण्डमै जेल परेर अहिले साधारण जीवन बिताइरहेको जेपी गुप्ताले प्रधानमन्त्री दाहालको टार्गेटमा आरजु पर्नसक्ने बताएका थिए । खाण पक्राउपछि गुप्ताले भनेका थिए, 'देउवाले यसरी पुलपुलाएको व्यक्ति अथवा ठाउँ दिएको व्यक्तिलाई कारबाहीको प्रक्रियामा तान्नु भनेको अनुसन्धान तार्किक निष्कर्षतिर जाँदै छ भन्न सकिने आधार हो । अब दाहालसँग देउवाले 'कम्प्रोमाइज' गर्नुपर्ने अवस्था आउनसक्छ । किनभने, दाहालको हात शेरबहादुरको भान्साघरमा पुगिसकेको छ । भान्साघरमा (**बाँकी पृष्ठ २ मा**)

**सन्दर्भ : वैदेशिक रोजगार**

# २३ प्रतिशतले बढ्यो रेमिट्यान्स

## ११ महिनामा भित्रियो ११ खर्ब १२ अर्ब

■ **प्रभाव संवाददाता**

**काठमाडौं-** चालु आर्थिक वर्षको ११ महिनामा नेपालमा भित्रिने विप्रेषण (रेमिटचान्स) अघिल्लो वर्षको तुलनामा करिब २३ प्रतिशतले बढेको छ । नेपाल राष्ट्र बैंकले सोमबार सार्वजनिक गरेको देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनमा विप्रेषण आप्रवाह २२.७ प्रतिशतले बढेको पाइएको हो ।

प्रतिवेदनअनुसार जेठ मसान्तसम्म कूल ११ खर्ब १२ अर्ब ५२ करोड रूपैयाँ बराबरको विप्रेषण मुलुक भित्रिएको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ४.१ प्रतिशतले बढेको थियो । चालु आर्थिक वर्षमा वैदेशिक रोजगारीमा जाने नेपालीको संख्या उच्च दरमा बढेको छ । जसले रेमिटचान्स आप्रवाह बढाउन भूमिका खेलेको हो ।


समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको संख्या ४६.६ प्रतिशतले वृद्धि भई चार लाख ५९ हजार ४१५ पुगेको तथ्यांक छ । त्यसैगरी, वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति लिने नेपालीको संख्या समीक्षा अवधिमा ०.५ प्रतिशतले वृद्धि भई दुई लाख ६० हजार २६२ पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या २.८३ प्रतिशतले बढेको थियो ।

समीक्षा अवधिमा अमेरिकी डलरमा पनि विप्रेषण आप्रवाह १३ प्रतिशतले बढेको छ । अमेरिकी डलरमा भित्रिएको विप्रेषण साउनदेखि जेठ मसान्तसम्मको अवधिमा आठ अर्ब ५१ करोड पुगेको राष्ट्र बैंकको तथ्यांक छ । अघिल्लो वर्ष यस्तो आप्रवाह १.८ प्रतिशतले बढेको थियो ।

केन्द्रीय बैंकका अनुसार समीक्षा अवधिमा खुद ट्रान्सफर २१.९ प्रतिशतले वृद्धि भई १२ खर्ब २९ अर्ब ८२ करोड रूपैयाँ पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो ट्रान्सफर ३.८ प्रतिशतले बढेको थियो ।

### चैतमा सबैभन्दा धेरै, साउनमा न्यून

चालु आर्थिक वर्षको चैत महिनामा सबैभन्दा बढी रेमिटचान्स भित्रिएको छ । राष्ट्र बैंकको तथ्यांकअनुसार चैतमा एक खर्ब नौ अर्ब सात करोड रूपैयाँ रेमिटचान्स भित्रिएको हो । त्यसपछि वैशाखमा केही घटे पनि जेठमा फेरि सुधार आएको तथ्यांक छ । वैशाखमा एक खर्ब एक अर्ब ७९ करोड रूपैयाँ बराबरको रेमिटचान्स भित्रिएकोमा जेठ महिनामा करिब छ अर्ब रूपैयाँले बढेर एक खर्ब सात अर्ब ३४ करोड रूपैयाँ पुगेको राष्ट्र बैंकको प्रतिवेदनमा उल्लेख छ ।




चालु आर्थिक वर्षको चैत महिनामा सबैभन्दा बढी एक खर्ब नौ अर्ब सात करोड र साउनमा सबैभन्दा कम ९२ अर्ब २१ करोड रूपैयाँ बराबर रेमिट्यान्स भित्रिएको तथ्यांक छ ।

चालु आर्थिक वर्षको सुरुआती महिना अर्थात् साउनमा सबैभन्दा कम ९२ अर्ब २१ करोड रूपैयाँ बराबरको रेमिटचान्स भित्रिएको थियो । भदौमा ९४ अर्ब ८३ करोड, असोजमा ९४ अर्ब एक करोड, कात्तिकमा ९६ अर्ब ९९ करोड रूपैयाँ बराबरको रेमिटचान्स भित्रिएको थियो । मंसिर महिनापछि भने यस्तो रकम मासिक एक खर्ब नाघेको तथ्यांक छ । मंसिरमा एक खर्ब दुई अर्ब ४६ करोड रूपैयाँ, पुसमा एक खर्ब चार अर्ब ५८ करोड, माघमा एक खर्ब चार अर्ब ८० करोड, फागुनमा एक खर्ब चार अर्ब ४४ करोड बराबर रेमिटचान्स भित्रिएको छ ।

यसरी चालु आर्थिक वर्षको ११ महिनामा रेमिटचान्सबापत भित्रिने रकम उत्साहजनक रूपमा बढेर ११ खर्ब १२ अर्ब रूपैयाँ पुगेको हो । यद्यपि, यो रकम वैधानिक च्यानल अर्थात् बैंकिङ च्यानलमार्फत भित्रिएको मात्रै हो । यसबाहेक हुण्डीलगायत अवैधानिक बाटोबाट समेत ठूलो रकम भित्रिने गरेको छ । राष्ट्र बैंकले अवैधानिक च्यानलबाट रकम भित्रिन नदिन विभिन्न अभियान चाल्दै आए पनि त्यस्तो कार्य रोकिएको छैन । विदेशबाट त्यसरी रकम पठाउने व्यक्तिले जोखिम मोल्नुपर्छ भने राज्यकोषमा जम्मा हुने करसमेत गुमिरहेको हुन्छ ।

सरकारले लक्ष्यअनुसार राजस्व संकलन गर्न नसकेको तथा वैदेशिक अनुदानको रकमसमेत घट्दा अर्थतन्त्रमा परेको समस्यालाई बढ्दो रेमिटचान्सले ठूलो राहत दिएको छ । मुलुकको अर्थतन्त्रको करिब २५ प्रतिशत हिस्सा रेमिटचान्समा निर्भर रहेको छ । यसरी रेमिटचान्समा निर्भर रहनु राम्रो नभएको अर्थविद्हरूको भनाइ छ ।

मुलुकमा रोजगारीको पर्याप्त अवसर नहुँदा दैनिक करिब दुई हजारको संख्यामा नेपाली युवा वैदेशिक रोजगारीमा गइरहेको तथ्यांक छ । यसरी विदेशिने श्रमिकहरूले पठाउने रेमिटचान्सले नै मुलुकको अर्थतन्त्र धानिरहेको छ । सरकारले स्वदेशमै रोजगारी सिर्जना गर्ने बताए पनि राजनीति अस्थिरता कायमै रहँदा त्यो सम्भव हुन सकेको छैन । जसले गर्दा बाध्यात्मक रूपमा विदेशिने क्रम रोकिने छाँट तत्काल देखिँदैन ।


जनहितमा जारी सन्देश




प्रभाव दैनिक National Daily | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

# स्वास्थ्य सचेतना एवं दन्त परीक्षण कार्यक्रम सम्पन्न

**काठमाडौं (प्रस)**- नेपाल वृद्ध तथा अपांग महिला सेवा केन्द्रले गोकर्णेश्वर नगरपालिकामा घरदैलो स्वास्थ्य सचेतना एवं दन्त परीक्षण कार्यक्रम सम्पन्न गरेको छ । केन्द्रले नबिल बैंक र शंखरापुर अस्पतालका स्वास्थ्य चिकित्सकसँगको सहकार्यमा जोरपाटीस्थित नयाँबस्ती युवा क्लब प्रांगणमा सोमबार उक्त कार्यक्रम आयोजना गरेको हो ।

केन्द्रका अध्यक्ष रमेश ढुंगानाले गोकर्णेश्वर नगरपालिका-५ स्थित ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति, असहाय, आर्थिक विपन्न महिलालक्षित स्वास्थ्यपरीक्षणका लागि कार्यक्रम सञ्चालन गरेको बताए । सो क्रममा १६० जनाको सुगर, प्रेसर, थाइराइडलगायतका स्वास्थ्य तथा दन्त परीक्षण गरिएको जानकारी दिए । जसमा महिला ८२ जना र पुरुष ७८ जना सहभागी भएका थिए ।




शंखरापुर अस्पतालका पूर्ववरिष्ठ स्वास्थ्य सहायक तथा डा. कालिप्रसाद खनालको नेतृत्वमा स्वास्थ्य चिकित्सक टोलीले उक्त स्वास्थ्य परीक्षण गरेको अध्यक्ष ढुंगानाले बताए ।

यसअघि बागमती प्रदेशसभा सदस्य छिरिङदोर्जे लामाले कार्यक्रमको उद्घाटन गरेका थिए । उद्घाटन कार्यक्रममा गोकर्णेश्वर-६ का वडाध्यक्ष नवराज लामा, ज्येष्ठ नागरिक सञ्जालका अध्यक्ष श्यामप्रसाद खतिवडा, गोकर्णेश्वर-५ का वडाध्यक्ष नारायणबहादुर सुवेदी, महिला सदस्य लक्ष्मी पुडासैनी र दलित महिला सदस्य कमला नेपालीलगायतको उपस्थिति रहेको थियो ।

विगतका वर्षहरूदेखि नै आफ्नो लक्ष्य तथा उद्देश्यअनुसार विभिन्न निकायसँग सहकार्य समन्वय गरी आर्थिक विपन्न, बेरोजगारी, महिला, वृद्धवृद्धा, एकल महिला तथा अपांगता भएका महिलाहरूका लागि स्थानीयस्तरमा नै निःशुल्क स्वास्थ्य सचेतना कार्यक्रम एवं सीपमूलक तालिम कार्यक्रम सञ्चालन गरी व्यवसाय प्रवर्द्धनमा आवश्यक सहयोग गर्दै आएको केन्द्रका अध्यक्ष ढुंगानाले बताए ।

## संसद्मा प्रधानमन्त्री...

पृष्ठ १ बाट जारी

उनकै अभिव्यक्तिलाई लिएर एमालेले गरेको संसद् अवरोधले मिटरब्याजपीडितलाई न्याय दिलाउन बनेको विधेयक निष्क्रिय भइसकेको छ । राष्ट्रियसभामा उत्पत्ति भएका केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक-२०८० लगायतका अन्य विधेयकलाई पनि टेबुल गर्न सकिएको छैन ।

सभामुख देवराज घिमिरे पनि एमालेले उठाएको माग सम्बोधन नहुञ्जेलसम्म संसद् बैठक सञ्चालन गर्न नसक्ने भन्दै एमाले कित्तामा उभिए । यसरी संसद् अनिर्णयको बन्दी भएपछि बाध्यतामा परेर प्रधानमन्त्री दाहालले आफ्ना अभिव्यक्तिबारे आत्मालोचना गरेका हुन् । प्रधानमन्त्री दाहालको यस्तो अभिव्यक्तिपछि संसद्को प्रमुख विपक्षी दल एमाले र अन्य विपक्षी दलहरू राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)लगायत दलका सांसदहरूले विरोध गरेका थिए ।

एमाले सांसदहरूले त राजीनामाको मागसमेत गरे । सार्वभौम संसद्लेभन्दा पनि भारतले प्रधानमन्त्री बनाएको भन्ने अर्थमा दाहालको अभिव्यक्तिलाई एमालेले लियो । अन्य दलले पनि यही अर्थमा बुझे । सत्तारूढ दल कांग्रेसकै महामन्त्री विश्वप्रकाश शर्मालेसमेत आपत्ति जनाए ।

यसरी चौतर्फी दबाबमा परेपछि प्रधानमन्त्री दाहालले, एमाले अध्यक्ष केपी शर्मा ओली र सत्तारूढमध्येको ठूलो दल नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासँग आइतबार संवाद गरे । प्रधानमन्त्री कार्यालय सिंहदरबारमा भएको संवादका क्रममा प्रधानमन्त्री दाहालले संसद्मा स्पष्टीकरण दिने उनीहरूबीच सहमति भएको थियो । तर, ओलीले २१ असारमा प्रधानमन्त्रीका प्रेस सल्लाहकार गोविन्द आचार्यले जारी गरेको प्रेस नोटमा उल्लिखित अभिव्यक्तिप्रति पनि असन्तुष्टि जनाउँदै उक्त अभिव्यक्तिसमेत फिर्ता लिँदै प्रधानमन्त्रीले माफी माग्नुपर्ने थप अडान लिए । त्यसपछि बिहान सिंहदरबारमा भएको सहमति ओलीबाट तोडियो । जसकारण आइतबार अपराह्न ३ बजेका लागि आह्वान गरिएको संसद् बैठक स्थगित भई सोमबार बस्यो ।

सोही बैठकमा प्रधानमन्त्री दाहालले आफ्ना अभिव्यक्तिबारे आत्मालोचना गरेका हुन् । यद्यपि आफूलाई प्रितम सिंहले प्रधानमन्त्री बन्नुपर्छ भनेर सोही भेटमा भनेको स्वीकारे दाहालले । ‘ त्यतिबेला छोरीको अन्तिम-अन्तिम अवस्था । भावनात्मक थियो । त्यही बेला सरदार प्रितम सिंहले नेपालमा प्रधानमन्त्री त तपाईं हुनुपर्छ भने,’ उनले भने । यद्यपि, प्रितम सिंह कुनै शक्ति केन्द्र नभएको र आफूले यो पदका लागि कुनै आग्रह उनीसँग नगरेको ठोकुवा गरे । ‘उहाँले भनेर म प्रधानमन्त्री हुनेवाला पनि थिइनँ,’ दाहालले भने । यसो त दाहालले आफ्नो लेभलबाट यस्ता अभिव्यक्ति आउनु ठीक नभएकोसमेत बताए । ‘मैले भाषा प्रधानमन्त्रीका रूपमा जसरी बोल्नुपर्थ्यो, त्यस्तो नभएको रियलाइज गर्दै यसप्रति ध्यानाकर्षण गराउने प्रतिपक्ष दलहरूलाई धन्यवाद दिन्छु,’ दाहालले भने ।

उनले प्रितम सिंहको पहलमा भारतले प्रधानमन्त्री बनाइदिएको जस्तो अर्थ लाग्ने अभिव्यक्ति भावुक हुँदा मनले बोलेको बताए । तर, राष्ट्रपति घात नगरेको दाबी गरे । ‘थोरै भावनामा म आएँ । मैले त्यो कुरा नभने हुन्थ्यो । भन्नुपर्ने जरुरी थिएन । तर मैले भनें । मनमा आयो भनें । राष्ट्रप्रति नै घात गर्ने कुरा हो त यो ?,’ विपक्षी दलहरूप्रति लक्षित गर्दै प्रश्न गरे ।

उनले सरदार सिंहले भारतमा उपचारको क्रममा आफ्ना छोरी ज्ञानु (दिवंगत भइसकेको)को उपचारका लागि सहयोग गरेको र सिंहको सहयोगप्रति कृतज्ञ हुँदा प्रधानमन्त्रीभन्दा पनि ज्ञानुको बुबाको हैसियतबाट बोलिएको बताए ।

एमाले सचिव योगेशकुमार भट्टराईले भने प्रधानमन्त्री दाहालको स्पष्टीकरणमा चित्त बुझाएनन् । उनले भावनात्मक पक्षलाई अघि सारेर राष्ट्र र जनतालाई घात गर्ने छुट प्रधानमन्त्रीलाई नभएको बताए । ‘हामीले उहाँ (प्रधानमन्त्री)को पारिवारिक पीडामा मजाक गरेका होइनौं । हामी अरु केही जस्तो निर्दयी होइनौं र छैनौं,’ उनले भने, ‘देशको प्रधानमन्त्रीको अभिव्यक्ति र व्यवहारप्रति कठोर प्रश्न छन् ।’

प्रधानमन्त्री दाहाललेभन्दा अघि संसद्मा एमालेको तर्फबाट धारणा राख्दै सांसद गोकुलप्रसाद बाँस्कोटाले प्रधानमन्त्री दाहालको अभिव्यक्तिको कडा आलोचना गरे । उनले त्यस क्रममा भने, ‘ चन्द्र सूर्य नेपालको झण्डा उचाल्ने कि तिरंगा फहराउने हाम्रो प्रधानमन्त्रीले ?’

तिरंगा भारतको राष्ट्रिय झण्डा हो । आफूलाई प्रधानमन्त्री बनाउन प्रितमले पहल गरेको भन्ने दाहालको अभिव्यक्तिप्रति लक्षित गर्दै बाँस्कोटाले यसो भनेका हुन् । संसद्मा रास्वपा सभापति रवि लामिछानेले प्रधानमन्त्रीको अभिव्यक्तिलाई घोर आपत्तिजनक भएको टिप्पणी गरे । उनले प्रधानमन्त्रीले खुलेर संसद्मा स्पष्टीकरण दिनुपर्ने बताएका थिए । उनीपछि संसद्मा बोलेका राप्रपा सांसद राजेन्द्र लिङ्देनले भने इमान अलिकति जीवित भए प्रधानमन्त्रीले राजीनामा दिनुपर्ने बताएका थिए ।

तर, प्रधानमन्त्री दाहाल माग्दैमा राजीनामा दिनुपर्ने ? भन्दै आक्रोशित भए । उनले आफूसँग उच्च इमान भएको र इमानकै कारण पहिलोपटक र दोस्रोपटक प्रधानमन्त्री हुँदा राजीनामा दिएको स्पष्ट पारे ।

प्रधानमन्त्रीको सोमबारको आत्मालोचनासहितको स्कपष्टीकरणसँगै अब संसद् अवरोध खुलेको छ ।

## सरकार ढल्ने प्रधानमन्त्रीको संकेत

**काठमाडौं (प्रस)**– प्रधानमन्त्री पुष्पकमल दाहालले सरकार चाँडै ढल्नसक्ने संकेत गरेका छन् । यसअघि पाँचै वर्ष गठबन्धन सरकार टिक्ने बताउने प्रधानमन्त्री दाहालले सोमबार भने चाँडै सरकार ढल्नसक्ने आशय प्रकट गरे ।

आफूले १२-१३ दिन प्रधानमन्त्री भएका विश्वका नेताहरूबारे पहिले पढेको भन्दै उनले नेपालमा पनि छ महिना, नौ महिना, १० महिना प्रधानमन्त्री भएको शृंखलाबद्ध अनुभव रहेको र लामो समय प्रधानमन्त्री नभए पनि जति दिन हुन्छ, राष्ट्र र जनताको पक्षमा काम गरेर देखाउँछु भन्ने सोचेको बताए ।

दाहाल आफ्नो तेस्रो प्रधानमन्त्रीत्वकालमा भ्रष्टाचार र ठगीजस्ता आपराधिक गतिविधिको विरुद्धमा खरो गरी उत्रिएका छन् । नक्कली भुटानी शरणार्थी काण्डदेखि पछिल्लोपटक उनी नेतृत्वको सरकारले ललिता निवासको सरकारी जग्गा हिनामिना प्रकरणमा हात हालेको छ । यहीबेला प्रधानमन्त्री दाहालले सरकार धेरै नटिक्ने आशय प्रकट गरेका हुन् ।

एमालेसँगको गठबन्धन तोडेर कांग्रेस, जनता समाजवादी पार्टी (जसपा), नेकपा (एकीकृत समाजवादी)लगायत दलसँग सहकार्यको समझदारी गर्ने क्रममा दाहाल कम्तीमा दुई वर्ष प्रधानमन्त्री हुने विवरण सार्वजनिक भएको थियो ।

बाँकी दुई वर्ष कांग्रेस सभापति शेरबहादुर देउवा र एक वर्ष नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल प्रधानमन्त्री हुने भनिएको थियो । तर, सोमबार संसद्मा प्रधानमन्त्री दाहालले व्यक्त गरेको विचारले भने गठबन्धन सरकार धेरै नटिक्ने सन्देश दिएको विश्लेषकहरूले बताएका छन् ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TAWAKD CONTRACTING COMPANY

पुर्व स्वीकृति मिति २०७९/१२/०२ पुन स्वीकृति मिति २०८०/०३/२५ LT. No. 282856 चलानी नं. ६०१९८२६२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading & Unloading Labour | 30 | 0 | 1000 | ३५,१२० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Labour | 3 | 0 | 1000 | ३५,१२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन २ गते (18th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

TARGET श्रम ईजाजत नं.८३३/०६६/०६७

**Target Consultant Human Resources Pvt. Ltd.**

Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Golden Sapphire Contracting Company

पूर्व स्वीकृति मिति: २०८०/०३/०४ LT No.289079 चलानी नं.६०२०३३९९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 5 | 0 | 1000 | ३५१५९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन २ गते (18th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Faraz International Overseas Pvt. Ltd**

Govt. License 1553/079/80

Budhanilkantha-9, Kathmandu, BAGMATI, Contact: 9847416116
Email: hiringalfaraz@outlook.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

पूर्व स्वीकृति मिति:२०७९/०८/०५ पूर्व स्वीकृति मिति: २०८०/०३/२५ LT. No. 275919 चलानी नं. ६०१९१५९४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 40 | 0 | 1500 | ४२४६३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन २ गते (18th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**आशिर्वाद ओभरसिज प्रा. लि.**

Govt. License 1211/073/074

बसुन्धारा, काठमाडौं, नेपाल फोन नं. +९७७-१-४९८४६३०, ५९०१५८६
फ्याक्स ०१-४३८४५५० मोबाइल नं. ९८५१०६७३५१ ९८०११३०८९२ र ९८६६९९९९२९
इमेल : hraashirbad@gmail.com Website : www.aahirbadovs.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ABDULLAH A. AL-BARRAK & SONS CO.

पूर्व स्वीकृति मिति २०८०/०३/२५ LT. No. 289117 चलानी नं. ६०१७८८८०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Common Labour | 1 | 0 | 1000 | ३५१५९ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Manufacturing Worker | 75 | 0 | 1000 | ३५१५९ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन २ गते (18th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**YUSHO GLOBAL PVT. LTD.**

श्रम ईजाजत नं. ११८२/०७३/७४

Pinglasthan-9,Gausala, Kathmandu, Nepal,Tel: +014489104, 014488104

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी :WALAA AHMED BIN HUSSEIN AL-BUHMOUD FOUNDATION FOR GYPSUM DECORATION

पुर्व स्वीकृति मिति २०८०/०३/१० पुर्व स्वीकृति मिति २०८०/०३/२५ LT. No. 288354 चलानी नं. ६०२०३७३८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Decorative Painter. | 2 | 0 | 1200 | ४१,७१० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Upload And Download Worker | 2 | 0 | 1000 | ३४,७५५ | | | | | | | |

कम्पनी :NASSER AL-MARAS AUTO MECHANIC WORKSHOP

पुर्व स्वीकृति मिति २०८०/०२/३१ पुर्व स्वीकृति मिति २०८०/०३/२५ LT. No. 287826 चलानी नं. ६०२०३७३८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Upload and Download Agent | 2 | 0 | 1000 | ३४,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी :The factory is Sami Abdul Rahman Muhammad Al-Luhaidan Industry

पुर्व स्वीकृति मिति २०८०/०२/३१ पुर्व स्वीकृति मिति २०८०/०३/२५ LT. No. 287733 चलानी नं. ६०२०३३१८७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Truck Driver | 5 | 0 | 1800 | ६३२८७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन २ गते (18th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Kapeel Manpower Pvt. Ltd.**

श्रम ईजाजत नं. १८५/०५७/०५८

P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: +977-1-5551901, 5011620, Fax: 977-1-5542407
E-mail: kmpower@wlink.com.np
Website: www.kapeelmanpower.com


## Aandhikhola Rural Municipality

Office Of Rural Municipal Executive

Krishi, Syangja

Gandaki Province, Nepal

### Invitation for Bids for Mahajubhanjyang Deurali Gorujure Tuorisam Trail Road & park Construction Work, Aandhikhola-01, Syangja

**Contract Identification No: ANDH-W-NCB-TR-15-2079-80**

Date of publication: 11 July 2023

1. Aandhikhola Rural municipality *has allocated funds* towards the cost of Construction work and intends to apply part of the funds to cover eligible payments under the *Contract Identification No:-* ANDH-W-NCB-TR-15-2079-80 Bidding is open to all eligible Nepalese Bidders.
2. *Aandhikhola Rural Municipality, Office of Rural Municipal Executive* invites electronic bids from eligible bidders for the **Mahajubhanjyang Deurali Gorujure TuorisamTrail Road & park Construction Work** under National Competitive Bidding procedures.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Rural municipal executive, krishi Syangja. office Website: www.aandhikholamun.gov.np, mailing address: andhikholarm@gmail.com, Telephone no:063 - 413001,413002 or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
4. A complete set of Bidding Documents may download from PPMO's website: www.bolpatra.gov.np/egp by eligible bidders and must submit their bids only electronically through www.bolpatra.gov.np/egp. Bidders should deposit the cost of NRs. 3000.00 (Three thousand) of biding documents in the office Rajashwa (Revenue) Account as specified below and the scanned copy (PDF format) of the bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

   Information to deposit the cost of bidding document in Bank:

   | | |
   |---|---|
   | Name of the Bank: | NIC Asia Bank Limited, Krishi, Aandhikhola, Syangja |
   | Name of Office: | *Office of Rural Municipal Executive, Aandhikhola Rural Municipality, Setidovan, Krishi, Syangja* |
   | Office Code no. : | Revenue Heading Ga-1.1 |
   | Office Account no.: | 2342050028676002; Rajaswa Shirshak |

5. Bidder who wishes to submit the Bid Security in the form of Cash, the cash should be deposited in account No.- Dharauti N4CA052540052402 (ga-3) Account Name : Ga-3 Dharauti of. Aandhikhola Rural Municipality, Syangja
6. Pre-bid meeting shall be held at Aandhikhola Rural Municipality, Office of Rural Municipal Executive,Krishi Syangja at 25 July, 2023, Time:- 13.00 hrs
7. Electronic bids must be submitted to the *Office of Rural Municipal Executive, Aandhikhola Rural Municipality, Krishi Syangja* through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before *12.00 hrs* of *11 August 2023.* Bids received after this deadline will be rejected.
8. Bids will be opened in the presence of Bidders' representatives who choose to attend on *11 August 2023 at 13.00 hrs in the Office of rural Municipal Executive, Aandhikhola Rural Municipality, Krishi Syangja.* Bids must be valid for a period of *90 days* after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format amounting to a minimum of NRs.1,10,000.00 ( One hundred ten Thousands Rupees only), which shall be valid for 30 days beyond the validity period of the bid. Total approved estimated Cost for this Project is NRs. 41,41,205.71 With VAT & PS.
9. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
10. Matters not covered in this notice shall be treated in accordance with PPA-2063 and PPR-2064 (with their revisions).

**Chief Administrative Officer**

विज्ञहरूको सुझाव

# डेंगीको संक्रमण फैलिन नदिऔं

**काठमाडौं (प्रस)**– पछिल्लो चार महिनामा एक हजार १९२ जना संक्रमित र एक जनाको मृत्यु भएसँगै डेंगीको संक्रमणबाट बच्न विज्ञहरूले सुझाव दिएका छन् ।

सोमबार यहाँ 'डेंगी रोगको रोकथाम तथा नियन्त्रण सम्बन्धमा' सम्बन्धी अन्तरक्रियामा इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका निर्देशक डा. रुद्र मरासिनीले डेंगीको संक्रमण बढेको र जतिबेला पनि महामारी फैलन सक्ने भन्दै सचेत गराए । डेंगी संक्रमणको तथ्यांक प्रस्तुत गर्दै उनले भने, 'असार २३ गतेसम्म एक हजार १९२ जनामा डेंगी संक्रमण देखिएको छ । महामारी जतिबेला पनि फैलिन सक्छ । महामारी फैलिन नदिन हामी सबैले डेंगी नियन्त्रण र रोकथामका लागि प्रयास बढाउनुपर्छ ।'

उनका अनुसार तथ्यांकमा समावेश हुन नसकेका संक्रमितको संख्या धेरै छ । 'हाम्रो रेकर्डमा धेरै रिपोर्टिङ भएको छैन । लक्षण नदेखिएका बिरामीबाहेक निजी अस्पताल वा स्वास्थ्य संस्थामा जाने बिरामीको संख्या तथ्यांकमा समावेश हुन सकेको छैन । त्यसकारण पनि संक्रमितको संख्या तथ्यांकमा भन्दा धेरै भएको हाम्रो आकलन हो,' उनले भने ।

स्वास्थ्य सेवा विभागका महानिर्देशक दीपेन्द्ररमण सिंहले विभागले तीनै तहको सरकारसँग डेंगी नियन्त्रणका लागि सहकार्य गरिरहेको बताए । उनले डेंगीको संक्रमण बढ्दै गए पनि सामान्य दैनिकीमा ख्याल गर्दा यसको जोखिम कम हुने बताए । उनले भने, 'घर होस् वा कार्यालयमा डेंगी संक्रमण फैलाउने लामखुट्टेको फुल पार्नसक्ने ठाउँ नष्ट गर्ने तथा गमला, टायर वा कुनै पनि खुला भाँडामा पानी जम्न नदिने ।'

एडिस लामखुट्टेको टोकाइबाट मानिसमा सर्ने भाइरल संक्रमण, डेंगीको सेरोटाइप प्रत्येक वर्ष परिवर्तन हुने गरेको छ । एडिस जातको लामखुट्टेको अण्डा एक वर्षसम्म जीवित रहन्छ । यो लामखुट्टे दिउँसोको समयमासमेत बढी सक्रिय हुने गर्दछ । इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले स्थानीय तहका सरकारसँगै सरोकारवाला निकायसँगको सहकार्यमा 'लामखुट्टेको बासस्थान खोज र नष्ट गर' अभियान सञ्चालन गर्दै आएको छ ।

### डेंगीको संक्रमणको अवस्था

वि.सं. २०६१ मा पहिलोपटक डेंगी देखापरेको थियो । त्यसयता क्रमशः बढ्दै गएको तथ्यांकले देखाउँछ । सन् २०१० मा पहिलो पटक ९१७ जनामा डेंगीको संक्रमण देखिएको थियो भने पाँच जनाको मृत्यु भएको थियो । सन् २०१९ मा १७ हजार ९९२ संक्रमित र छ जनाको मृत्यु भएको थियो ।

गत वर्ष सन् २०२२ मा ५४ हजार ७८४ डेंगीका बिरामी देखिएका थिए । संक्रमितमध्ये ८८ जनाको मृत्यु भएको थियो । बागमती प्रदेशमा ७७ प्रतिशत डेंगीका बिरामी भेटिएका थिए । त्यसमा पनि काठमाडौं उपत्यकामा सबैभन्दा धेरै ५६ प्रतिशत डेंगी संक्रमित रहेको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको तथ्यांकले देखाएको छ ।

### डेंगीको लक्षण र उपचार

वरिष्ठ कन्सलटेन्ट डा. विमल चालिसेका अनुसार डेंगीको मुख्य लक्षण एक्कासि उच्च ज्वरो आउने र पाँचदेखि छ दिनसम्म ज्वरो रहने हुन्छ । उनका अनुसार आँखाको गेडी दुख्ने, ढाड, जोर्नी तथा मांसपेशी दुख्ने, वाकवाकी लाग्ने, वान्ता हुने र ज्वरो आएको पाँच दिनपछि रातो बिमिरा देखापर्ने लक्षण देखिनसक्छ । उनले डेंगी संक्रमण भएका ८० प्रतिशतलाई लक्षण नदेखिने र पाँच प्रतिशत गम्भीर बिरामी हुने बताए । उनले भने, 'डेंगीको कुनै खास उपचार छैन । लक्षणका आधारमा उपचार गरिन्छ । पारासिटामोलको प्रयोग गर्ने भए पनि आइब्रुफेन र एस्पिरिन जस्ता औषधिको प्रयोग गर्न हुँदैन ।' गम्भीर डेंगुका बिरामीलाई तत्कालै अस्पताल भर्ना गर्न उनले सुझाव दिए ।

## अमेरिकी चासोले...

पृष्ठ १ बाट जारी

छिर्नमात्र बाँकी छ ।' भान्साघर भनेर गुप्ताले आरजुतिर लक्षित गरेका थिए ।

### बढ्दो अमेरिकी चासो

देउवालाई थप कमजोर पार्न अहिले उनका अर्को विश्वासी ज्ञानेन्द्रबहादुर कार्कीलाईसमेत प्रहार गर्ने तयारी भइरहेको चर्चा चल्न थालेको छ । अमेरिकाबाट १३ लाख डलर भित्र्याएका पृथ्वीबहादुर सिंह अहिले कारागारमा छन् । यही प्रकरणमा कार्कीलाईसमेत तान्ने तयारी भइरहेको चर्चा राजनीतिक वृत्तमा छ । पछिल्लोपटक नेपाली राजनीतिमा अमेरिकी चासो बढ्न थालेको कांग्रेस नेता तथा सांसद डा.नारायण खड्काले पुष्टि गरेका छन् ।

सोमबार बसेको अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिको बैठकमा खड्काले नेपालमा युरोप र अमरिकाको चासो बढिरहेको बताए । यस्तो अवस्थामा राष्ट्रिय एकताको रूपमा परराष्ट्र नीतिहरू अघि बढाउन जरुरी रहेको खड्काले बताए । उनले परराष्ट्र मन्त्रालयले प्रत्येक दुई हप्तामा परराष्ट्र सम्बन्धित गतिविधिलाई जानकारी गराउनुपर्ने बताए । यसो त राजनीतिक बेमेलका कारण अहिले काठमाडौंमा चिनियाँ गतिविधि पनि बढ्दो छ । सांसद खड्काले छिमेकी देशहरू चीन र भारतसँग सम्बन्ध नबिगारीकन अन्य देशसँगको सम्बन्ध बिस्तार गर्नुपर्ने सुझाव दिएका छन् ।

### गगन झन् गर्जिंदै

पछिल्ला दिनहरूमा कांग्रेस महामन्त्री गगन थापाले कांग्रेसभित्रको असन्तुष्टि पोख्न थालेका छन् । त्यस्तै परे संसदीय दलको नेताबाट देउवालाई हटाउन सकिने चेतावनीसमेत थापाले दिएका छन् । शनिबार बूढानीलकण्ठ पुगेर थापाले देउवाविरुद्ध उक्त चेतावनी दिएका हुन् ।

'नेपाली कांग्रेसबाट भूतपूर्व भएको प्रधानमन्त्री कांग्रेसले पछि प्रधानमन्त्री बनाउन पाएको बेलामा बन्नुहुँदैन, त्यस कारणले गर्दा फेरि कांग्रेसको संसदीय दलको नेता बदल्ने कुरामा म लाग्छु । सके बदल्छु बदल्छु । त्यसलाई बदल्छु सके आफू बन्छु, नसके अरुलाई बनाउँछु तर बदल्नुपर्छ भन्नेमा छु,' थापाले भनेका थिए । अमेरिकी परियोजना एमसिसीमा व्याख्यात्मक विश्लेषणको प्रचार गरेका थापालाई अमेरिकानिकट नेता मानिन्छन् ।

त्यसो त देउवा पनि अमेरिका निकट नेता नै हुन् । देउवाले पछिल्लोपटक अमेरिकी चासोका विषयमा सुन्न छाडेकोले उनलाई पाखा लगाएर गगन अघि सार्ने अमेरिकी तयारी रहेको चर्चासमेत चल्न थालेको छ । अन्तिम चेतावनीका लागि अमेरिकाले देउवालाई सिंगापुरमा बोलाएको र उपचारको बहानामा उनी त्यसतर्फ जेठ ३१ गते लागेका थिए । एक हप्ताका लागि भनेर सिंगापुर पुगेका देउवा जोडी झन्डै दुइ हप्तापछि स्वदेश फर्केका थिए । त्यसयता देउवा सार्वजनिक कार्यक्रममा बिरलै देखिन थालेका छन् । आफ्नो पार्टीको जिल्ला सभापतिहरू भेला भएको बैठकमासमेत देउवा बिहीबार र शुक्रबार सानेपा पुगेनन् । यसलाई कतिपयले देउवाविरुद्ध गगनका विद्रोहको रूपमासमेत चर्चा गर्न थलिएको छ । देउवा साँच्चै अप्ठेरोमा परेका हुन् कि हैनन् भन्ने बारे थाह पाउन भने राजनीतिक चलखेलको केही पर्दा खुल्नैपर्ला । त्यसका लागि केही समय अझै लाग्ने बताइन्छ ।


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL-SARHAN CENTRAL MARKET FOR NON-FOOD STUFF

पुर्व स्वीकृति मिति २०७८/११/०१ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०३/२५ | LT No : 257926 | चलानी नं. ६०१९८९६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 15 | 0 | 125 | ५३४८० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | WORKER INDOOR | 35 | 0 | 90 | ३८५०५ | | | | | | | |

कम्पनी : albarakah cleaning services stn bhd

पुर्व स्वीकृति मिति २०७९/१२/०५ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०३/२५ | LT No : 282845 | चलानी नं. ६०१९८९६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANING WORKER | 100 | 0 | 1500 | ४२४६३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन २ गते (18th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

OMEGA INTERNATIONAL
Govt. License No. 1352/074/075

**Omega International Pvt. Ltd.**
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ORBIT SPA HEALTH INSTITUTE

पूर्व स्वीकृति मिति २०७९/०३/०१ | पून स्वीकृति मिति २०८०/०३/२५ | LT No.265040 | चलानी नं. ६०१८११५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KWD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Masseur | 7 | 0 | 150 | ६०,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : FLOWER SWEET COMPANY FOR SWEETS AND PASTRIES.

पूर्व स्वीकृति मिति २०७८/०८/०५ | पून स्वीकृति मिति २०८०/०३/२५ | LT No.252139 | चलानी नं. ६०१८११५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KWD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 5 | 0 | 100 | ४२७८४ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Light Driver | 3 | 0 | 130 | ५५६१९ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति: २०८० साउन २ गते (18th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ७५१/०६४/०६५

**Dubai Overseas International Pvt. Ltd.**
Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-4383350/4382095
Fax No: +977-4383351 Email Id: dubaioverseas2016@gmail.com



## Zero Cost Recruitment in Malaysia
## मलेसियामा शुन्य लागतको रोजगार

यो मागपत्र शुन्य निति अर्न्तगत छ । म्यानपावरमा लाग्ने सेवा शुल्क सहित सबै खर्चहरु (राहदानी रु ५००० (नँया राहदानी मात्र), मेडिकल रु ८६६४, भिषा शुल्क रु. ७०६४, यातायात खर्च रु. ७५० (अर्न्तवार्ताको समयमा दुई तर्फि र प्रस्थान अघि एक तर्फि), खाना र बस्न खर्च दिनको रु. ४५० (अर्न्तवार्ताको समयमा २ दिन र प्रस्थान अघि ४ दिन), अभिमुखिकरन रु. ७००, बिमा रु. ३७०८, कल्याणकारी कोष रु. १५००, फोटो २००, हवाई टिकट, (रोजगारदाताले बहन गर्दछ । This Recruitment Is Conducted Under A Zero-Cost Policy. All This Expenses (Passport 5000 (New Passport Only) Medical 8664, Visa 7064, Transport 750 (During The Interview Two Way And Before Departure One Way) Lodging And Food 450 Per Day (During The Interview 2 Days & Before Departure 4 Days), Orientation 700, Insurance 3708, Wale Fare Fund 1500, Air Ticket,) Including Agency Service Charge Will Be Borne By The Employer.

(NAME OF EMPLOYER): TOP QUALITY GLOVE SDN BHD
रोजगारदाता कम्पनी : मोण्डिलेज मलेशिया एस.डीएन.बीएचडी

| पूर्व स्वीकृति मिति: २०८०/०२/१७ (Pre Approval Date: 2023-05-31 | चलानी नं.: ६०२०४३११ (Reference No. 60204311 | LOT No. 286913 | शहर: Selangor |
|---|---|---|---|

| सि.नं. | Post for Migrating Worker कामदारको पद | Total No. of Demand (male) माग संख्या पुरुष | Total No. of Demand (Female) माग संख्या महिला | Minimum Requirement न्युनतम योग्यता | Monthly Basic Salary मासिक तलब RM | Monthly Basic Salary मासिक तलब ने.रु | Overtime Facility ओभरटाइम सुविधा | Working Hour per Day प्रतिदिन काम गर्ने घण्टा | Working Days per Week हप्तामा काम गर्ने दिन | Yearly Leaves वार्षिक विदा | Food Facility खाना सुविधा | Accommodation Facility बस्ने सुविधा | Contract Period करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | GENERAL WORKER जेनेरल वर्कर | 100 १०० | 100 १०० | Proficient in reading, speaking writing understanding in English with +2 pass अंग्रेजीमा राम्रोसँग पढ्न, बोल्न, लेख्न र बुझ्न सक्ने तथा +२ पास गरेको हुनु पर्ने | 1500 १५०० | 42,000 ४२,००० | As per Malasian Labour Law मलेशियन श्रम कानुन अनुसार | 7.5 Hrs ७.५ घण्टा | 6 Days ६ दिन | As per Company rules क.नि अनुसार | No छैन | Yes छ | 2 Years २ वर्ष |

| Domestic Medical borne by whom and how much does it cost स्वदेशमा गर्ने मेडिकको शुल्क कस्ले व्यहोर्ने र कतिलाग्ने | Abroad Medical cost borne by विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | Domestic Foreign terminal insurance borne by whom & how much does it cost स्वदेशमा गर्ने म्यादि जीवन विमा कस्ले व्यहोर्ने र कतिलाग्ने | Insurance Facility on Employment Yes/No and who will borne the premium cost रोजगारमा विमा हुने नहुने र प्रिमियम कस्ले तिर्ने | Expenses of Air fare will borne by whom and how much does it cost कामदारलाई हवाई टिकट कस्ले दिने र कतिलाग्ने | Visa fee will borne by भिषा शुल्क कस्ले व्यहोर्ने | Visa Stamping cost will be borne by भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | Orientaion cost will borne by and how much अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | Management of Welfare fund कल्याणकारी कोष सम्वन्धि व्यवस्था | Rate of service Charge and who will borne सेवाशुल्क कतिलाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताल ` व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने |

नोट : ट्रष्ट नेपाल ओभरसिज प्रा.लि. को माहारजगँज काठमाण्डौ बाहेक कुनै पनि शाखा कार्यालय वा भर्ति शाखा नभएको जानकारी गराउछौं । यदि कसैले आफु ट्रष्ट नेपाल ओभरसिज प्रा.लि. मध्यस्तकर्ता भएको दाबी गरेमा त्यो पुर्णत झुठो भएको सुचित गराउछौं । यस प्रा.लि. बाट वैदेशिक रोजगारीमा जाने कामदारहरुले कुनै पनि शुल्क तिर्नु पर्ने छैन तथा तपाईले पाउने तलब बाट कुनै पनि शुल्क कटौटी गरिने छैन ।
Note : Trust Nepal Overseas Pvt Ltd. doesn't have any branches or recruiting branches, We would like to inform you that if anyone claimsto be a mediatorfor Trust Nepal Overseas that's completely false information. Any worker going for foreign employment through this agency are not required to pay any recruitment fees this means all the recruitment process will be free of cost and also ther will be no deduction from te salary.

Interview Date /Venue : अन्तर्वताको मिति र स्थान
अन्तर्वता ट्रष्ट नेपाल ओभरसिजप्रा.लि.को माहारजगँज काठमाण्डौ अफिस कार्यालयमा २०८०/०४/०२ गते हुनेछ ।
Interview will be held at Trust Nepal Overseas Pvt Ltd Maharajgunj Kathmandu Office Premises Dated 18 July, 2023

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्र सँग सम्बन्धित जानकारी मुलक सामाग्रीहरु जस्तै पर्चा ब्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्यन गरी जानकार हुन अनुरोध गर्दछौं ।
We request you to fully study and understand jpt related informative materials such as flyers, banners, flex placed at our office premises.
अन्तर्वातामा सहभागी हुनु हुने उमेदवारहरूले आफ्नो खोपको क्युआर कोड प्रमाणपत्र अनिवार्य रुपमा ल्याउन अनुरोध गर्दछौं।
Interview attending candidates must bring their QR Vaccination Certificate at the time of interview.

अन्तर्वता कोभिड १९ को रोकथाम प्रकृया र सामाजिक दुरी कायम गरि आयोजना गरिनेछ ।
The interview shall be conducted by atheringto social distancing guidelines and COVID 19 Protocols.

अन्तर्वतामा सहभागी हुनु हुने उम्मेदबारहरूले अनिवार्य मास्कको प्रयोग गर्नु हुन अनुरोध गर्दछौं । Interview attending Candidates are strictly required to wear a mask during the interview. अवैध व्यक्ति वा भर्तिकर्ताहरु देखि सावधान रहनुहोस । Be aware of the illegal person or recruiter.

ट्रष्ट नेपाल ओभरसिज प्रा.लि. को नाम लिई कुनै व्यक्ति वा सँस्थाले कुनैपनि प्रकारको शंकासपद अवैद क्रियाकलापबाट अनुपयुक्त भर्ति शुल्कको माग गरेमा यस प्रा.लि. को हेल्पलाईन नम्बर ९८०२०२१३६१ वा ईमेल ठेगानमा info@trustnepal.com मा सम्पर्क गरि जानकारी दिनुहुन हार्दिक अनुरोध गर्दछौं । तपाई ढुक्क हुनुहोस हामी तपाइको गोपिनियताको उच्च सम्मान गर्दै यसलाई सुरक्षित राख्ने प्रतिवद्धता व्यक्त गर्दछौं ।
If any individual or organization tries to demand any recruitment fees by any illegal and suspicious activites with workers by citing Trust Nepal Overseas's name. we request you to contact and report the issues to our helpline number 9802021361 or email us at info@trustnepal.com. Your confidentiality is highly respected and your indentity will be duely protected.

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी (Information provided by the Department of Foreign employment) :- १. आफ्नो नाममा भिसा प्राप्त भएको सुनिश्चित गर्नुहोस । 1. Confirm that Visa is issued under your name. २. आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । 2. You need to note down the contact details & location of Diplomatic mission of the Country you are going for employment. It will be easy to contact when you get in trouble. ३. यस विज्ञापन (सूचना) माउल्लेख भएको सेवा, सुविधा, तलबको बारेमा स्पष्ट हुनुहोस । 3. You have to be clear about the services, facilities and salary mentioned in this advertisement. ४. विदेशजानु अघि अभिमुखीकरण वा इनडक्सन तालिम अनिवार्य लिनुपने छ । 4. Before going to the abroad you must compulsorily take orientation and induction trainings. ५. विदेश जानु अघि आफु जाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्यशर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रतिआफुसग राख्नुहोला । 5. Before going to the abroad you must go through agreement paper in details regarding, country, company, Facilities and service and terms and condition of company and sign. You should keep its one copy. ६. काममा विदेशजादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । 6. While going abroad you must use International Airport of our country, or else might be deceived. ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला । 7. If you want know more about this advertisement do contact Department of Foreign Employment, Budhanagar.

Trust Nepal Overseas (P.) Ltd.
दर्ता नं.: २५९/०५८/०५९,Govt Lic.No. 259/058/059
We are an eithical and responsible recruitment agency.
हामी एक नैतिक र जिम्मेवार रोजगारी संस्था हो ।

**ट्रष्ट नेपाल ओभरसिज प्रा.लि.**
**Trust Nepal Overseas Pvt. Ltd.**
चप्पल कारखानाचोक, महाराजगन्ज, काठमाडौं, नेपाल, Chappalkarkhana, Maharajgunj, Kathmandu, Nepal
फोन: ४३७७१९०/४३७७१९६ फ्याक्स ९७७ १ ४३७९५८८,
Ph. No. 4377190/4377196, Fax No. 977 1 4379588, Email: info@trustnepal.com Hotline No. 9802021361



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LALIT CLEANING AND CONTRACTING

पुर्व स्वीकृति मिति : २०८०/०२/०४ | LT. No. 286200 | चलानी नं. : ६०२०१६००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL CLEAN WORKER | 0 | 3 | 1500 | ५४१७७ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Cashier | 0 | 1 | 1500 | ५४१७७ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन २ गते (18th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**SHIVAM INTERNATIONAL MANPOWER SERVICES PVT. LTD**
श्रम ईजाजत नं १५७०/०७९/८०
Sinamangal, Gaushala Kathmandu Nepal, Tel : +977 01-5912780
Email : shivamintl9@gmail.com, Web: shivamintlmanpower.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : HONG NAM INDUSTRY (M) SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०३/२७ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०३/२५ | LT. No. 267165 | चलानी नं. ६०१८३०५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 70 | 0 | 1500 | ४२,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन २ गते (18th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ११९७/०७३/०७४

**SWIFT H.R. SOLUTION PVT. LTD.**
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ZAMA INTERNATIONAL COMPANY

पूर्व स्वीकृति मिति २०८०/०३/२५ | LT. No. 289086 | चलानी नं. ६०२०४४२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOADING UNLOADING LABOR | 1 | 0 | 1000 | ३५,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : UNITED SUPPORT SERVICES CONTRACTING CO

पूर्व स्वीकृति मिति २०८०/०२/०२ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०३/२५ | LT. No. 286099 | चलानी नं. ६०२०१५०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WHOLE VEHICLE DRIVER | 2 | 0 | 1800 | ६३,२८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन २ गते (18th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने / प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Reliance Recruitment Services Pvt. Ltd.**
श्रम ईजाजत नं. ९७१/०६७/०६८
Maharajgunj, Chakrapath, Kathmandu,Nepal. Tel: +977-1-4419528 / 4419763
Email:mofa@relianceservice.com.np, Website: www.relianceservice.com.np



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : HENRITEX (M) SDN BHD

पूर्व स्वीकृति मिति २०८०/०३/२५ | LT. No. 289017 | चलानी नं. ६०२०४४४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Poultry Farm | 40 | 0 | 1500 | ४२,४६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन २ गते (18th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रोजगारदाता आफैले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ५०२/०६१/०६२

**Pandora Incorporation (P.) Ltd.**
Dhumbarahi Height-4, Kathmandu, Nepal, Tel: +977-1-4427419, 4427854
Mobile No. 9802267665, 9803318788, 014592511, E-mail: info@pandoraincorp.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AHMED ALI MADKHALI EST FOR GENERAL CONTRACTING

पूर्व स्वीकृति मिति २०८०/०३/२५ | LT. No. 289058 | चलानी नं. ६०२०४४४२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electric Power Lines Worker | 16 | 0 | 1000 | ३५,१६५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Electricity Technician | 1 | 0 | 2500 | ८७,९९० | | | | | | | |
| 3 | Factor | 1 | 0 | 1000 | ३५,१६५ | | | | | | | |
| 4 | Road Maintenance Workers | 8 | 0t | 1000 | ३५,१६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० साउन २ गते (18th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Nile International Manpower Agency Pvt. Ltd.**
Sinamangal, Kathmandu, Nepal Tel : +977-1-4599491, 4578036
Fax : 00977-1-4494529 Email : nileintl@wlink.com.np/nileintl1@gmail.com /nileintl2008@yahoo.com Website: www.nilegroupofcompanies.com
श्रम ईजाजत नं. ८२०/०६६/०६७

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

## डेंगी संक्रमणबाट बचाऔं

गर्मीयाम छिप्पिँदै जाँदा मुलुकभर डेंगी संक्रमणको जोखिम बढेको पाइएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार पछिल्लो चार महिनामा एक हजार १९२ जनालाई डेंगी सक्रमण देखिएको छ । जसमध्ये एक जनाको ज्यानसमेत गयो । हिमाली जिल्ला रसुवामासमेत डेंगीका बिरामी फेला परेपछि संक्रमणबाट जोगिन स्वस्थ विज्ञहरूले सचेत सबैलाई रहन निर्देशन दिएका छन् ।

अघिल्लो वर्ष डेंगीले महामारीकै रूप लिएको थियो । ५४ हजार ७८४ डेंगी संक्रमण भएका थिए । संक्रमितमध्ये ८८ जनाले ज्यानै गुमाए । २० वर्षअघि वि.सं. २०६१ मा नेपालमा पहिलोपटक डेंगी देखापरेको थियो । त्यसयता क्रमशः बढ्दै गएको तथ्यांकले देखाउँछ । सन् २०१० मा पहिलोपटक ९१७ जनामा डेंगीको संक्रमण देखिएको थियो भने पाँच जनाको मृत्यु भएको थियो । सन् २०१९ मा १७ हजार ९९२ संक्रमित र छ जनाको मृत्यु भएको थियो । बागमती प्रदेशमा ७७ प्रतिशत डेंगीका बिरामी भेटिएका थिए । त्यसमा पनि काठमाडौं उपत्यकामा सबैभन्दा धेरै ५६ प्रतिशत डेंगी संक्रमित रहेको स्वास्थ्य मन्त्रालयअन्तर्गतको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको तथ्यांकले देखाएको छ ।

डेंगीको मुख्य लक्षण एक्कासि उच्च ज्वरो आउने र पाँचदेखि छ दिनसम्म ज्वरो रहने हुन्छ । उनका अनुसार आँखाको गेडी दुख्ने, ढाड, जोर्नी तथा मांसपेशी दुख्ने, वाकवाकी लाग्ने, वान्ता हुने र ज्वरो आएको पाँच दिनपछि रातो बिमिरा देखापर्ने लक्षण देखिनसक्छ । डेंगी संक्रमण भएका ८० प्रतिशतलाई लक्षण नदेखिने र पाँच प्रतिशत गम्भीर बिरामी हुने विज्ञको भनाइ छ । बिरामीलाई उपचारको विधि पनि खासै केही छैन । एडिस लामखुट्टेको टोकाइबाट मानिसमा सर्ने भाइरल संक्रमण, डेंगीको सेरोटाइप प्रत्येक वर्ष परिवर्तन हुने गरेको छ । एडिस जातको लामखुट्टेको अण्डा एक वर्षसम्म जीवित रहन्छ । यो लामखुट्टे दिउँसोको समयमासमेत बढी सक्रिय हुने गर्दछ ।

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका निर्देशक डा. रुद्र मरासिनीले डेंगीको संक्रमण बढेको र जतिबेला पनि महामारी फैलनसक्ने भन्दै सचेत गराएका छन् । उनका अनुसार तथ्यांकमा समावेश हुन नसकेका संक्रमितको संख्या धेरै छन् । स्वास्थ्य सेवा विभागका महानिर्देशक दीपेन्द्ररमण सिंहले विभागले तीनै तहको सरकारसँग डेंगी नियन्त्रणका लागि सहकार्य गरिरहेको बताए । इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले स्थानीय तहका सरकारसँगै सरोकारवाला निकायसँगको सहकार्यमा 'लामुखट्टेको बासस्थान खोज र नष्ट गर' अभियान सञ्चालन गर्दै आएको छ । डेंगीबाट बच्ने एकमात्र उपाय हो लामखुट्टेको टोकाइबाट जोगिनु । संक्रमण भएपछि कसरी जोगिने ? यसका लागि भने सरकारले पनि आवश्यक तयारी गर्नुपर्छ । देशभरका अस्पतालले संक्रमण भएकाहरूलाई विशेष प्राथमिकताका साथ उपचार गरोस् । यसको पहल सरकारले तुरुन्तै थालोस् ।

# गणतन्त्रको आधार र अबको सरकार



▶▶ पदम श्रेष्ठ

वास्तवमा हामीलाई छिमेकी, विदेशीले सहयोग दियो भन्दैमा जे पनि जस्तो पनि स्वीकार्दै जानु हुँदैन भन्ने विश्वास बढेको पाइन्छ देशमा । विदेशीले निःशुल्क अस्पताल बनाइदिन्छ, औषधि बनाउने सीप वा प्रविधि दिँदैन । सडक बनाइदिन्छ, गाडी दिन्छ तर आत्मनिर्भर बन्ने प्रविधि दिँदैन । बरू उल्टै अस्पतालमा औषधि, सडकमा उनीहरूको प्रविधि, सामग्री अनिवार्य प्रयोग गर्न बाध्य पार्दछ । त्यसैले यसका लागि अबको राजनीतिक नेतृत्वले आत्मनिर्भर हुने राष्ट्रिय र अन्तर्राष्ट्रिय नीति अवलम्बन गर्नुपर्ने विज्ञहरूको सुझाव छ ।

थरले पहाडी बाहुन पुष्पकमल दाहाल, डा. बाबुराम भट्टराई र मोहन वैद्य नेतृत्वको तत्कालीन नेकपा माओवादी पार्टीको अगुवाइमा भएको १० वर्षे जनयुद्ध र १९ दिने जनआन्दोलन आदिवासी जनजाति, दलित, महिला, मधेसी, मुसलमान, वैदिक, बौद्ध, क्रिश्चियनलगायतको ऐक्यबद्धतामा सफल भएको हो । जनआन्दोलनलाई पिछडा वर्ग, भूमिहीन उत्पीडित समुदायले आ-आफ्नो स्थानबाट साथ दिएका थिए । जसको फलस्वरूप १०५ वर्षपछि संविधान निर्माणजस्तो महान ऐतिहासिक कार्य सम्पन्न हुन सकेको हो । जसले एकल हिन्दू खस पाँच सरकार र बाहुन छ सरकारको जातीय, भाषिक, धार्मिक संरचना ध्वस्त गर्दै १०२ जातजाति, १२२ भन्दा बढी भाषाभाषी र विविध धर्मको साझा संघीय नेपाल निर्माणको मार्ग खोलेको थियो ।

यहाँ ब्राह्मणवाद भनिँदा खस पहाडी थरका बाहुनलाई मात्र सोच्ने गरेको पाइन्छ । वास्तवमा ब्राह्मणवाद भनेको साम्राज्यवादको घरेलु नाउँ हो भन्ने तथ्यलाई बुझ्नुपर्दछ । ब्राह्मणवादको घरेलु नाउँ भन्दा नेवार समाजभित्र स्यस्यःवाद अर्थात् श्रेष्ठवादलाई लिन सकिन्छ, बहुसंख्यक ज्यापु किसान, पोडे खड्गी, कुश्ले समुदायमाथि श्रेष्ठहरूले अनेक तरहबाट शोषण गरी दबाउने कार्य भएको थियो भने थारु समुदायभित्रै दारुखाने थारुलाई गच्छादार, चौधरीहरू बाटै पनि दरबार प्रशासनको आडमा व्यापक शोषण गरिँदै आइरहेको थियो ।

त्यसैगरी किरात समुदायमा राईकरणको मार भन्ने पीडाले स्वजातीय लामो समयसम्म प्रताडित भइरह्यो, दरबारका लागि किपट उठाउन खडा गरिएको राई पदको दुरूपयोग गरी स्वजातीय स्वबासीलाई हुनसम्म शोषण गर्ने, जबरजस्ती हिन्दुस्तानी राष्ट्रियताको पहिचान हिन्दू धर्म मान्नैपर्ने गराएको थियो । तामाङ, गुरुङ, शेर्पा, मगरमा पनि लामावाद अर्थात् मरेको लासलाई स्वर्ग पुर्‍याइदिने नाउँमा लासलाई चार दिनसम्म ढ्यांग्रो ठटाएर घेवा गराउने र भएभरको सिरिखुरी दान गर्न लगाएर शोषण गर्ने ब्राह्मणवादको अवशेष लामो समयसम्म स्वजातीय स्वधर्मीलाई शोषण गरिरह्यो । ब्राह्मणवाद भनिएको साम्राज्यवादको घरेलु नाउँ हो भन्ने कुरा पिछडा वर्गमाथि मधेसी बाहुनको प्रताडना र दलितभित्रै पनि छुवाछुत, तल्लो जात, माथिल्लो जातको भेदले प्रमाणित गर्दछ । जुन भेदलाई १० वर्षे जनयुद्ध र १९ दिने जनआन्दोलनले हटाउनका लागि व्यापक विद्रोह गरेकै हो । त्यो विद्रोहमा माओवादीमात्र होइन, कांग्रेस, कम्युनिस्टलगायत अन्य राजनीतिक पार्टीका उत्पीडित नेता कार्यकर्ताको पनि ऐक्यबद्धता थियो । यसबाट हामी के निष्कर्षमा पुग्न सक्छौं भने माओवादी जनयुद्धले सबै जातीय समुदायमा रहेको ब्राह्मणवादी कूसंस्कारलाई हटाउन चेतनशील बनायो भने तल्लो तहका जनसमुदायलाई जुरुक्कै उठायो । आन्दोलनकै धारमा उभिएर भएको उत्पीडित जनको ऐक्यबद्धताले जल, जमिन, जंगल, जडीबुटी, खनिजमा आदिवासीय अग्राधिकार सुनिश्चित गर्न संयुक्त राष्ट्रसंघलेसमेत आदिवासी आवाजलाई सम्बोधन गर्दै १३ सेप्टेम्बर २००७ मा महासन्धि पारित गर्‍यो । पारित महासन्धिलाई २०६० फागुन १८ गते नेपालले पनि अनुमोदन गर्‍यो ।

फलस्वरूप गोपालकालदेखि शाहकालसम्मको १२७ वर्षीय राजतन्त्रको अन्त्य गर्दै गणतन्त्र, हिन्दुस्तानी राष्ट्रिय पहिचान हिन्दू धर्मको ठाउँमा धर्म निरपेक्षता, जातीय तथा धार्मिक, छुवाछुतजन्य विभेद अन्त्यको घोषणा गर्दै दोस्रो संविधानसभाले समानुपातिक समावेशी संविधान अति कष्टकाबीच पारित गर्‍यो ।

संविधान जारी गर्दा केही विदेशी दलाल नेताहरू र पूर्वपञ्चहरूबाहेक नेपाली कांग्रेस, एमाले, जनमोर्चा, मजदुर किसान पार्टी, मधेसवादी, जातिवादी सबै राजनीतिक पार्टीहरूको ऐतिहासिक ऐक्यबद्धता रहेको थियो ।

यसका लागि १७ हजार नागरिकले शहादत प्राप्त गरे । लाखौं जनले अपांगता र बेपत्ताको पीडा खेप्नुपर्‍यो । आन्दोलनको परिणाम आफ्नो भाषा, कला, संस्कृति र पहिचानलाई जसोतसो जीवन्त राख्दै बाँचिरहेका आदिवासी, दलित, पिछडा वर्ग भनौं वा आदिकालदेखि उत्पीडित अल्पसंख्यक यौनिक समुदाय, अपांग, हरूवा, चरुवा, कमैया, वादी, झुमा, देउकी, उखडा वर्ग, स्वबासी, भूमिहीन सुकुम्वासी लगायतका पीडालाई सम्बोधन गर्ने गरी एक सरो वर्गीकरण पनि भयो । व्यापक विचार विमर्श, अन्तर्क्रियापछि भएको पहिचानको वर्गीकरणले जहाँ जसलाई जहाँनेर दुःखेको छ त्यहीबाट समस्या समाधान गर्दै लानुपर्छ भन्ने मूल लक्ष्यका साथ यसरी वर्गीकृत गरिएको थियो ।

**अदिवासी जनजातिमाः**

- लोपोन्मुखः राउटे, कुसुण्डा, सुरेल, हायु, राजी, किसान, लेप्चा, मेचे, कुशवाडिया
- अति सीमान्तकृतः माझी, सिघार, शिङ्सा, थुदाम, धानुक, चेपाङ, सतार (सन्थाल), झागड, थामी, बोटे, दनुवार, बराम
- सीमान्तकृतः सुनुवार, थारू, तामाङ, कुमाल, राजवंशी, गंगाई, धिमाल, भोटे, दराई, ताजपुरिया, पहरी, तोप्केगोला, डोल्पो, मुगाल, लार्के, ल्होपा, दुरा, बालुङ
- सुविधा वञ्चितः गुरूङ, मगर, राई, लिम्बू, छैरोतन, ताङ्बे, तीन गाउँले, बाह्रगाउँले, मार्फाली, शेर्पा, याक्खा, छन्त्याल, जिरेल, व्यासी, हयोल्मो
- उन्नत समूहः नेवार, थकाली आदिमा वर्गीकरण भयो ।

त्यसैगरी उत्पीडित पहाडी दलितमाः कामी, सार्की, गन्धर्व, दमाई, वादी ।

मधेसी दलितमाः खत्वे (मण्डल), दुसाद, पासवान हजारा, चमार, (राम, हरिजन), मुसहर, तत्मा, डोम, मेस्तर (हलखोर), वातर (सरदार), कोरी, खटिक, पत्थरकट्टा, धोवी, सरभंग (सरवरिया), चिडीमार, पासी ।

(मधेसी पहिचानका जातजाति) मधेसी ब्राह्मणः हलुवाई, राजपुत, कायस्थ, झा, यादव ।

पिछडा वर्गः तेली, वानीया, मल्लाह, कलवार, हजाम/ठाकुर, कानु, सुडी, कुम्हार, नुनिया, बाँतर, वरई, कहार, राजभार, लोढङ, विण्ड, नराङ, भेडिहार, गडेरी, माली, धुनिया, मुण्डा, सोनार, जोगिया, कुशवाडिया, केवट, सैनी, अमात, रौनियार, देव, केवरत ।

आप्रवासी जात/थरः पञ्जावी, मुसलमान, मारवाडी, जैन, बंगाली ।

अल्पसंख्यक यौनिक समुदायः तेस्रो लिंगी, द्विलिंगी, अन्तरलिंगी, समलिंगी महिला, समलिंगी पुरुष नाउँमा वर्गीकरण गरियो ।

यसरी लामो संघर्ष, अन्तर्क्रिया, पीडा, छलछामलाई पन्छाउँदै प्राप्त मार्गचित्र कार्यान्वयनको तहसम्म पुर्‍याएका थिए जनताले आन्दोलनलाई ।

### कार्यान्वयनमा भाइरस पसेपछि ...

जनयुद्ध ताका सामन्तीलाई भाटे कारबाही, शोषकको प्राणहरण, अर्कालाई काम गराई खानेको जमिन लुटेर काम गरी खानेलाई खेती गराउने र लागुपदार्थ दुर्व्यसनी, व्यभिचारीलाई श्रम शिविरलगायतका रचनात्मक काम गर्दा जनजनमा व्यापक भिजेको माओवादी नेतृत्वले जब पहिलो निर्वाचनमा नै झण्डै दुई तिहाइ बहुमत ल्याए । हो, त्यही बेला जनयुद्धको लासको थुप्रोबाट उठेको नेतृत्व वर्गले केही गर्नुपर्नेमा उल्टै बनिबनाउ जनआन्दोलनको नेतृत्व सात टुक्राभन्दा पनि बढी टुक्रामा विभाजित हुन गयो । यति ठूलो विडम्बना र विस्थापनका बीच पनि माओवादी आन्दोलनले निम्नलिखित रचनात्मक कार्य थालनीलाई चाहिँ सम्मान गर्नै पर्दछ ।

१) स्वदेशी श्रम, सीप र प्रविधिलाई प्रवर्द्धन गर्ने जुन प्रयोजनका लागि डा. बाबुराम भट्टराई प्रधानमन्त्री हुँदा गोल्छाको शेर्पा गाडी उत्पादन र प्रयोगको थालनी ।
२) कृषि उत्पादनका लागि समयमा नै मल, बीउ, सिँचाइको प्रबन्ध गर्ने र देशभित्रै रासायनिक मल कारखाना खोल्ने वचनबद्धता तर... ।
३) देशभित्रै जलस्रोत उत्पादन र सदुपयोग थाल्ने । जसको कार्यान्वयनका लागि उज्यालोका प्रतीक कुलमान घिसिङलाई विद्युत् प्राधिकरणमा ल्याई चौबीसै घण्टा बिजुली आउने कार्य गरियो भने उनकै पहलमा आकाशमाथि गुजुमुटिल्टएर रहेका तारहरूलाई जमिनमुनिबाट लाने कामको थालनी भएको थियो ।
४) माओवादीको राज्यसत्ताको बेला पार्टीभित्र र सरकारमा पनि समानुपातिक समावेशी प्रतिनिधित्व गरिनुका साथै राज्यको सर्वोच्च पद राष्ट्रपति र उपराष्ट्रमा उत्पीडित दलित र जनजाति महिलाबाट उठाएर उदाहरण प्रस्तुत भएको थियो ।
५) पुष्पकमल दाहालको प्रधानमन्त्रित्व कार्यकालमा उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले जुन हदसम्म नेपालीलाई भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने उच्चपदस्थ नेताहरू पूर्वउपप्रधान तथा गृहमन्त्रीलाई समेत जेल पठाउन सफल भए, त्यो कर्मलाई नेपाली इतिहासमा स्वर्ण अक्षरले लेखिनेछ । त्यसैगरी ललिता निवास काण्ड, पशुपति जलहरी काण्डका भ्रष्टाचारीको फाइल खोलिनुलाई जनताले असल मानेका छन् ।

### जनताले चाहेको जनसरकार

अबको हाम्रो लक्ष्य बरु देश १०० वर्ष पछाडि फर्किए फर्कियोस् अबको नेतृत्वले देश विकास स्वदेशी श्रम, सीप र प्रविधिको जगमा अगाडि बढ्नुको विकल्प छैन । आज एउटा देशले दुःख दियो भनेर अर्को देशको भरमा जान्छौं भोलि त्यो देशले पनि सधैं साथ दिइरहन्छ भन्ने त निश्चित छैन, आफ्नो स्वार्थ पूरा नभए पनि ।

वास्तवमा हामीलाई छिमेकी, विदेशीले सहयोग दियो भन्दैमा जे पनि जस्तो पनि स्वीकार्दै जानु हुँदैन भन्ने विश्वास बढेको पाइन्छ देशमा । विदेशीले निःशुल्क अस्पताल बनाइदिन्छ, औषधि बनाउने सीप वा प्रविधि दिँदैन । सडक बनाइदिन्छ, गाडी दिन्छ तर आत्मनिर्भर बन्ने प्रविधि दिँदैन । बरु उल्टै अस्पतालमा औषधि, सडकमा उनीहरूको प्रविधि, सामग्री अनिवार्य प्रयोग गर्न बाध्य पार्दछ । त्यसैले यसका लागि अबको राजनीतिक नेतृत्वले आत्मनिर्भर हुने राष्ट्रिय र अन्तर्राष्ट्रिय नीति अवलम्बन गर्नुपर्ने विज्ञहरूको सुझाव छ ।

१) स्पष्ट राष्ट्रिय निति : विशेषगरी पानी, इन्धन, खानी, वन, जडीबुटी र परराष्ट्रसम्बन्धी राष्ट्रिय निति स्पष्ट बन्नुपर्दछ । जल, जमिन, जंगल जडीबुटी र जनशक्तिलाई कसरी राष्ट्रको हितमा सदुपयोग गर्ने स्पष्ट दीर्घकालीन खाका तयार गर्नुपर्दछ ।
२) देशभित्र उत्पादन नहुने इन्धन प्रयोगमा कम गर्ने
३) ग्यासको वैकल्पिक इन्धनको प्रयोग
४) त्यसै राखेको जमिनलाई खेती गर्ने भूउययोगी नीति लागू गर्ने
५) थोरै लगानीमा हुनसक्ने पर्यटन र हस्तकला उद्योगमा विशेष ध्यान
६) चीनमा जस्तै भारततर्फ पनि सिमाना बन्दै गर्दा उचित
७) दीर्घकालीन राष्ट्रिय सोच अभावः दीर्घकालीन राष्ट्रिय नीति नहुँदा देशभित्र उत्पादितभन्दा आयातीत सात सामान गुणा बढ्दो छ । देशभित्र उत्पादन नहुने, आयात झण्डै सात खर्बको हुँदा नेपालबाट मात्र निर्यात करिब ७८ अर्बको मात्र व्यापर हुनुले घाटाको भयाभह स्थितिलाई छर्लंग पारिदिएको छ ।

एकातिर देशभित्र रोजगार नपाएर बर्सेनि लाखौं युवाहरू विदेश जानुपर्ने बाध्यता छ भने अर्कोतर्फ विदेशबाट कमाएर पठाएको रेमिटचान्सको पैसा खर्च गरी विदेशबाट उत्पादित अन्नलगायतका सामग्री किनेर देशबासीले खानु, लाउनुपर्ने बाध्यता छ । वर्तमान सरकारले यसलाई कसरी व्यवस्थापन गर्ने कार्ययोजना ल्याउनुपर्ने जनआवाज पाइन्छ ।

## मननयोग्य

### चाणक्य नीति

चाणक्यले धेरै समयसम्म सबैलाई चुप देखेर गर्जदै एकपटक पुनः भने-'के अरू सोध्न केही बाँकी छ कसैको ?'

सबै पण्डितले मुखामुख गर्दै भने-'छैन महामात्य ! हामीले सोच्यौं । मगधको सुखसमृद्धिका निम्ति भारत वर्ष र युनान एक हुनुपर्दछ ।'चाणक्य बुझ्दथे यही हुन्छ । उनी मनमनै खुसीको हाँसो हाँसे र भने- 'यो संसारमा सीधा औंलाले घ्यू निस्कँदैन । यसरी जुन पण्डितले विवाहको विरोध गरेका थिए, तिनै ब्राह्मणद्वारा मन्त्रोच्चारण गराई विधिपूर्वक चन्द्रगुप्त र युनानी राजकुमारीको विवाह सम्पन्न गराइयो । चाणक्यको यस दूरदर्शिताका कारण डरलाग्दो युद्धको विभीषिका समूल नष्ट भयो । उनले एउटा यस्तो शान्तिसूत्रको स्थापना गरे जसबाट जो राष्ट्र दुवै शत्रु थिए कहिल्यै नटुट्ने एक प्रेमबन्धनमा बाँधिए । चाणक्यको यस दूरदर्शिताका कारण डरलाग्दो युद्धको विभीषिका समूल नष्ट भयो । उनले एउटा यस्तो शान्तिसूत्रको स्थापना गरे जसबाट जो राष्ट्र दुवै शत्रु थिए कहिल्यै नटुट्ने एक प्रेमबन्धनमा बाँधिए । समयको रथचक्र आफ्नो गतिले चलिरहेथ्यो । राक्षस पनि प्रतिशोध र अन्तर्ज्वालाले केही न केही उपद्रो गर्न सोच्दैरहे, तर चाणक्यका बुद्धि र कुटनीतिका अगाडि उनका कुनै पनि योजना सफल हुन पाएनन् । सायद यो नै अन्तिम कुचक्र थियो । जो चाणक्यले पहिले नै थाहा पाएका थिए । चाणक्य र चन्द्रगुप्तमा केही गोप्य सल्लाह भयो । त्यसको केही समयपछि चन्द्रगुप्तले आफ्नो विजय र विवाहको उपलक्ष्यमा एउटा राष्ट्रिय समरोहको घोषणा गरे । समरोहको दिन नजिक आउन लाग्यो तर नगरमा समारोह हुने केही लक्षण नदेख चन्द्रगुप्त रिसाए । उनले तुरुन्तै एक मन्त्री बोलाई यसको कारण सोधे । मन्त्रीले डराउँदै भने-'गुरुदेव चाणक्यबाट यो समारोहको आयोजना नगराउने आदेश भयो ।' चाणक्यले भने-'यो समाराहको उचित अवसर थिएन, अतः यो रोकिएको हो ।' सभाले भरिएको दरबारमा रिसको आवेगमा आई चन्द्रगुप्तले भने-'राजाज्ञा उल्लंघन गर्ने तपाई को हो ?'

चन्द्रगुप्तका मुखबाट यस्तो वचन सुनी स्वाभिमानी ब्राह्मण चाणक्यले वनढडेलो जसतै रिसले फुकार्दै भने-'यो नभुल वत्स । राजा पनि तिमीलाई मैले नै बनाएको हुँ । तिमी राजाको धम्की मलाई दिन्छौं ? मलाई अपमानित गरेर तिमी चैनसँग बस्न सक्दैनौं । क्रमशः

# भारी बोक्ने सानो गधा !




▶▶ वैकुण्ठ भण्डारी



पहिले-पहिले विद्यालय जाँदा स-साना गुइँठेहरू एउटा किताब र कापी हातमा काखी च्यापेर सिसाकलम कानमा अड्याएर स्कुल पुग्थे । जमाना त्यस्तै थियो । बाबुआमाले कनिकुथी गरेर दुई-चार वटा कापी किनिदिन्थे । अझ सिसाकलमको टुप्पो भाँचियो भने भाँचिएको टुप्पोलाई पनि नरक काठको लठ्ठीमा अड्याएर लेख्थे । ती गुइँठेहरूका अक्षर पनि यति राम्रा थिए कि दुनियाँलाई नै अचम्म पार्दथे ।

त्यो बेलाका गुइँठेहरूलाई अहिलेका गुइँठेहरूले जितिसकेका छन् । सरकार भन्ने एउटा तत्त्व छ । त्यसको एउटा शिक्षा मन्त्रालय भन्ने मन्त्रालय पनि छ । त्यत्तिमात्र कहाँ हो र, शिक्षा विभाग र पाठचक्रम केन्द्र भन्ने अड्डा पनि छ क्यार । त्यत्तिले पुगेन भनेर जिन्दावाद मुर्दावाद गर्ने गरी धर्ना सर्ना गर्न विद्यार्थीहरूको संगठन खोलेका छन् । गुइँठेका बाउआमा बस्नेगरी अर्को संगठन पनि खोलेका छन् । तर, तिनले के गर्छन् भन्ने कुरा बुझ्न नै गाह्रो भएको छ ।

अब बाउआमा सिसाकलमको टुप्पो लठ्ठीमा घुसारेर लेख्थे, छोराछोरी ल्यापटपमा औंलाले ठोकेर अक्षर कोर्छन् । विकास भनेको विकास नै हो । विकासलाई कसैले जित्नै सक्दैन ? त्यही भएर हिजोका साना गुइँठेहरू । ठाउँमा पुगे । शिक्षामार्फत सेवा होइन व्यापार गर्न थाले । आफूले भोगेका कुरा सबै भुले । जसरी हुन्छ लुट्नुपर्छ भन्ने मनमा गढ्यो । राम्रै पेसा पनि भो सम्मान पनि पाइने लुट्न पनि पाइने ।

देशाँ प्रजातन्त्र आयो, गनऽतन्त्र आयो, संघीऽयता हो कि उता पनि आयो । 'बूढा मरे, भाषा सरे' भन्थे ऊ बेलाका गुइँठेहरू तर अहिले बूढा मारिए भाषा सारिए । तर, कहाँ सारिए थाहै छैन । सरकारका कारिन्दाहरूले भाषा पनि भुले । त्यही भएर शिक्षा व्यापार पो । पाइलैपिच्छे दान नतिरी काम नै नहुने !

आजकल शिक्षा लिने ठाउँमा शुल्कमात्र लिन्छ । भारीका भारी किताब र कापी साना-साना भाग्यमानी गुइँठेहरूलाई बोकाउँछ । उबेला दिनभर घण्टौं हिँडेर थकित भएर पढ्थे । अहिले विहान विद्यालय जाँदा पनि फर्कंदा पनि घण्टौं जाममा परेर थकित हुने सहरी शिक्षा लिने गुइँठेहरू छन् । तिनीहरूलाई मटचांग्राले नाम फेरिदिएको छ ।'भारी बोक्ने साना गधा' !

यी गधाहरू बिहान सबेरै उठ्छन् । उठ्छन् पनि के भन्नु, बाउआमाले उठाउँछन् । सिरक छाड्न नपाउँदै ड्रेस लगाउँछन् । आमाले पकाएको मिठो खान त यी गधाहरूको भाग्यमा नै छैन । त्यही भएर हत्त न पत्त भारी बोकेर सडकमा पुग्छन् । आँखा झुप्पझुप्प पार्दै निद्रामै झोलिएर चारपांग्रे चढ्छन् अनि सिटमै निदाएर थकित हुँदै विद्यालय पुग्छन् ।

आफ्नो शरीर नै धान्न मुश्किल भएका यी 'भारी बोक्ने साना गधा'लाई सकी नसकी बोकेर भारी बिसाउन लगाएर दुई-चार गेडा बासी चनाका गेडा र पाउरोटीका टुक्रा चाप्पचुप्प पार्न लगाएर कक्षामा हुल्छन् । यसैलाई भन्छन् क्यार आजकल आधुनिक शिक्षा ! सामन्ती र बुर्जुवा शिक्षा भन्दै हिजो गुरुकुल भत्काउनेहरू नै शिक्षामन्त्री बनेका छन् । अनि त्यही बुर्जुवा शिक्षा घोकन्ते गर्न आफैंले बुर्जुवा शिक्षा दिने शिक्षालय खोलेर अभिभावकलाई जुकाले चुसेजस्तै हरेक दिन कुनै न कुनै बहानामा चुसिरहेका छन् ।

विचरा 'भारी बोक्ने साना गधा' तीनै बुर्जुवा शिक्षाको भरण पोषण गर्दै थला पर्ने गरी भारी बोकाएर दिनरात कुदाएका छन् । सास फेर्नसमेत नपाउने गरी भारीबाट थिचाएका छन् । खाउँ भने दिनभरको सिकार नखाउँ भने कान्छा बाउको अनुहार भने उखानजस्तै छ । गधाका बाउलाई ।

विद्यालय भन्ने जिनिस खोल्ने हरिकंगाल साहु चप्पल पड्काउँदै काँठ छिरेको भुसुक्कै बिर्सिएर साना गधाहरूलाई खेलाइखेलाइ यो वा त्यो नाममा लुट्नुसम्म लुटिरहेको छ । विचरा त्यो गधाको बाउआमा गहभरि आँशु पार्दै बाध्यकारी भएका छन् । न छोड्न सक्छन् । न बोक्न सक्छन् ।

बालबालिका भविष्यका कर्णधार हुन् भन्ने पढाइन्थ्यो । अहिले त बालबालिका भविष्यका रेमिटचान्सका स्रोत हुन् भन्दै खाडीमा गएर गर्नुपर्ने काम यतै सिकाउँछन् । सात वर्षको गधालाई १० केजीको भारी बोकाएर हरेक दिन सजाय दिइरहेका छन् । बुर्जुजा शिक्षाको विरोध गर्नेहरूले त्यही नाममा भात बेच्छन्, रुचे पनि नरुचे पनि गधालाई जबर्जस्ती घिचाउँछन् । अनि डढाल्नु सेक्नेगरीको बिल पठाउँछन् । क्या बात ! आधुनिक शिक्षाको ।

साना गधाहरूलाई पचिसकेको छ । बानी परिसकेको छ । अब डढाल्नु जतिसुकै दुखोस्, भारीले मुण्टै उत्तानो पारोस् । बरु सडकमै लडोस् । बसबाट झर्दाझर्दै पछारियोस् । गधालाई भारी नपुगेर रुन्छ । हो, अहिलेको आधुनिक शिक्षा त्यस्तै देखिएको छ । भएको छ अनि बनाइएको छ । यसैले छ पछिल्लो पुस्ता भाग्यमानी हुँदै होइनन् ।

अघिल्लो पुस्ता जन्मभूमिमै रहनेगरी आफ्नो संस्कृति, भाषा जोगाउने गरी शिक्षा लिन्थे । अहिले त पुस्ता भन्ने कि नभन्ने भारी बोक्ने साना गधाहरूलाई अस्ट्रेलिया र अमेरिका भन्दै समुद्रपारीको सपना बुन्न लगाइन्छ । मेरो गाउँ यो हो वा मेरो देशमा यो वस्तु पाइन्छ होइन । विदेशमा यति सुविधा र यस्तो पाइन्छ भन्दै देश छाड्ने योजनासहितको सुगा रटाइन्छ । कमरेड भन्नेहरूको बुर्जुवा शिक्षामा सायद यो पर्दैनहोला ।

जनवादी शिक्षा भनेकै बालबालिका होइनन् भारी बोक्ने साना गधा बनाइन्छ । सरकारी विद्यालयलाई ध्वस्त पारेर त्यही बुर्जुवा शिक्षा लिन बाध्य पारिन्छ । क्या गज्जबको शिक्षा । नेपाली शिक्षा । हेर्दा लाग्छ साना गधाहरूको ढाड बलियो बनाउने अभ्यास भएको पनि हुनसक्छ । जसरी हुन्छ यी गधाहरूलाई समुद्रपारी पठाउनैपर्छ । यहाँ त राख्नै हुन्न । यी साना गधाहरूलाई भारी बोकाएर कुदाएन भने त बुर्जुवा शिक्षा भन्दै देश लुट्नेहरूलाई त सिध्याउँछन् ।

आउ साना-साना गधा तिम्रो बाउको तिरेको शुल्कबाट बासी सढेगलेको मन्सुलीको चामल थोरै घिच, टन्न विल लिएर जाउँ । सके खाँदै नखाऊ । सञ्चो भएन भन्दै पढ्नै नआउ । तिमीलाई बाउले गाई बन्न पठाको, हामी त छट्टु स्याल हौ । त्यसैले तिमीलाई त हामी गधा बनाएर छाड्छौं । मेरा साना गधा तिमी नजिक नजिक आऊ । तिमीले नै हामीजस्ता छट्टु स्यालका भाउ । जय होस् आधुनिक शिक्षाको, जय होस् कोटीकोटी भारी बोक्ने साना गधाको !

द्रष्टव्य : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नुहुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । - सं.

# एसइईपछि विषय रोजाइमा अन्योलता

■ दुर्गा देवकोटा

**टीकापुर–** कैलालीको जोशीपुरका रतन धामी एसइई नतिजापछि के विषय अध्ययन गर्ने भन्ने अन्योलमा छन् । परीक्षामा २.८ ग्रेड ल्याएका धामीलाई यतिखेर के विषय पढ्ने भन्ने अन्योलता बढेको छ ।

'घरमा बुबाआमाले विज्ञान विषय पढ्नुपर्छ भन्नुभएको छ, मलाई सक्दिन कि भन्ने डर छ,' उनले भने, 'मलाई लेखा/अर्थशास्त्र विषय पढ्न मन छ, परिवारले भनेको कुरा सुन्ने कि, मनको कुरा सुन्ने दोधारमा छु ।' एसइईको नतिजापश्चात् अहिले विद्यार्थीबीच कुन विषय लिएर पढ्ने भनेर सबैतिर छलफल हुने गरेको छ ।

बालबालिकाको भोलिको भविष्य कता लैजाने हो भन्ने कुरा पनि उसले अध्ययन गर्ने विषय र क्षेत्रले निर्धारण गर्ने गर्छ । गाउँघरमा राम्रो ग्रेड प्राप्त गर्न नसके र साथीले अध्ययन गरिरहेको विषय आफूले अध्ययन गर्न नपाए अध्ययन नै छाड्ने गरेको पनि देखिन्छ ।

एसइईको नतिजापछि अभिभावक र विद्यार्थीमा कुन विषय पढ्ने, पढ्नलाई कहाँ जाने भन्ने कुराको चर्चा प्रायः सबै परिवारमा चलेको छ । कतिपय अवस्थामा भोलिका दिनमा के बन्ने भन्ने कुराको निर्क्योल पनि कक्षा १० पछिको अध्ययनले नै निर्धारित गर्ने भएकाले छलफल हुनु सकारात्मक भएको अभिभावक बताउँछन् ।

टीकापुरका रवीन्द्र चौधरीका छोरालाई पनि के पढाउने भन्ने विषयमा परिवार छलफलमा छ । नतिजा राम्रो ल्याएका रवीन्द्रका छोरा सुदिप घरबाहिर गएर पढ्ने आँटमा छैनन् । 'म भर्खर १५ वर्ष पूरा भएँ, बुबाआमाले काठमाडौं जान भन्नुभएको छ,' सुदिप भन्छन्, 'तर मलाई बुबाआमासँगै बसेर यही पढ्न मन छ, जुन विषय पढे पनि मन लगाएर पढ्छु, घर छाड्दिन भनेको छु ।'

धेरै विद्यार्थी र अभिभावकको सोचाइ विज्ञान, इञ्जिनियर, ओभरसियर तथा प्राविधिक विषय पढ्ने हुन्छ तर कतिपय अभिभावक र जानकार भने जुनसुकै विषय अध्ययन गर्ने तथा अब्बल विद्यार्थी बन्ने भएकाले त्यही राम्रो हुने बताउँछन् । सगुन विद्या निकेतन टीकापुरका प्रधानाध्यापक अशोक पाण्डे विषय कुनै ठूलो सानो नहुने बताउँछन् । उनले भने, 'साधारण विषय अध्ययन गरेर विज्ञता प्राप्त गर्न सके भोलिको भविष्य सुनिश्चित हुन्छ,' उनी भन्छन्, 'आफूले पढ्नसक्ने विषय छनोट गर्नुपर्छ, नेपाली, अंग्रेजी, गणित, शिक्षाजस्ता जुनसुकै विषयमा मन लगाएर पढेमा सफलता पाउन सकिन्छ ।'

पछिल्लो समय प्राविधिक विषयको माग र आवश्यकता बढी देखिन्छ । रोजगारका दृष्टिकोणले पनि प्राविधिक विषयमा मानिसको आकर्षण बढ्दो छ । प्राविधिक विषयबाहेकका साधारण विषय पढेर पनि उत्कृष्टता हासिल गर्न सकिने त्रिभुवन मावि बटनपुरका प्रधानाध्यापक रवीन्द्र कठायतले बताए । 'एसइईको नतिजापछि विद्यार्थीमा साथीभाइले नै पढेको विषय पढ्न चाहने र त्यो विषय अध्ययन गर्न नपाए पढाइ नै छाड्ने प्रवृत्ति देखिनु गलत हो,' उनी भन्छन्, 'विषय सबै एकै हुन्, साधारण विषय अध्ययन गरेर पनि दख्खल राख्न सके त्यही राम्रो हुन्छ, प्राविधिक विषय पढ्दा रोजगारीका अवसर सहज पाइन्छन् ।'

उनले भनेजस्तै खासमा विषय राम्रो र नराम्रो हुँदैन । सबै विषयको उत्तिकै महत्त्व र आवश्यकता छ । समाजमा साधारण विषय लिएर पनि सरकारी जागिर खाएका थुप्रै उदाहरण रहेकाले कम ग्रेड आउने बित्तिकै आत्तिनुपर्ने र आगामी योजना नै त्याग्नु गलत भएको विज्ञहरूको सुझाव छ । 'जुनसुकै विषय अध्ययन गरे पनि दक्षता हासिल गर्ने हो भने भोलिको भविष्य सुनौलो हुन्छ,' शैक्षिक क्षेत्रका जानकार तथा पूर्वशिक्षक भक्तिराम कोइराला भन्छन्, 'कमजोर विद्यार्थीले जटिल विषय अध्ययन गर्दा उसको पढाइमा समस्या हुनसक्छ, विद्यार्थीले सक्ने र उसको रुचिअनुसारको जुनसुकै विषय पढ्दा पनि हुन्छ, विषय कुनै कम महत्त्वको हुँदैन, राम्रो गरेमा जुन विषयमा पनि सफलता पाउन सकिन्छ ।' *रासस*

# बस दुर्घटनामा एकको मृत्यु, ४१ घाइते

**बैतडी (प्रस)–** बैतडीको मेलौलीमा सोमबार दिउँसो भएको बस दुर्घटनामा परी एक जनाको मृत्यु भएको छ । दुर्घटनामा परेर ४१ जना घाइते भएका छन् ।

पञ्चेश्वरबाट महेन्द्रनगर जाँदै गरेको लु २ ख २०११ नम्बरको पवनदूत यातायातको बस दिउँसो १ बजे मेलौली नगरपालिका–७ स्वाखानीमा दुर्घटनामा परेको हो । मृत्यु हुनेमा जिल्लाको पञ्चेश्वर गाउँपालिका–६ रन्तोलीका २७ वर्षीय उमेश भण्डारी रहेको बैतडीका प्रहरी प्रवक्ता, प्रहरी निरीक्षक योगेश खत्रीले जानकारी दिए । भण्डारीको केशरपुर प्राथमिक स्वास्थ्य केन्द्र मेलौलीमा मृत्यु भएको हो ।

दुर्घटनामा परेर घाइते हुने ४१ सबैलाई मेलौलीमा उपचार हुन नसकेपछि थप उपचारका लागि डडेलधुरा अस्पताल रेफर गरिएको छ । रेफर गरिएकामध्ये २६ जनाको अवस्था गम्भीर रहेको प्रवक्ता खत्रीले बताए । उनले भने, 'घाइते ४१ जनालाई डडेलधुरा रेफर गरेका छौं, तीमध्ये २६ जनाको अवस्था गम्भीर छ । १५ जना मध्यम अवस्थामा छन् ।'

ओरालो सडकमा अनियन्त्रित भएर सडक दुर्घटनामा परेको हो । सडकबाट चार सय मिटर तल खसेर बस रुखमा अड्किएको जिल्ला प्रहरी कार्यालय बैतडीले जनाएको छ ।

# अन्तरजिल्ला सुरक्षा समन्वय बैठक सम्पन्न

**भक्तपुर (प्रस)-** उपत्यकाका तीन र छिमेकी जिल्ला काभ्रेपलाञ्चोकसहितका चार जिल्लामा शान्ति सुरक्षा सुदृढ बनाउने, नाकामा कडाइ गर्ने र कानुनविपरीतका अवैध गतिविधि रोक्न चारवटै जिल्लाका सुरक्षा निकाय एक भएर लाग्ने निर्णय भएको छ ।

भक्तपुर जिल्ला प्रशासन कार्यालयमा भक्तपुरका प्रमुख जिल्ला अधिकारी खगेन्द्रप्रसाद रिजालको अध्यक्षतामा काठमाडौं, भक्तपुर, ललितपुर र काभ्रेपलाञ्चोक जिल्लाबीच अन्तरजिल्ला सुरक्षा समन्वय बैठकले सो निर्णय गरेको हो ।

काठमाडौंका प्रमुख जिल्ला अधिकारी जितेन्द्र बस्नेत, ललितपुरका प्रमुख जिल्ला अधिकारी रुद्रप्रसाद पण्डित र काभ्रेपलाञ्चोकका प्रमुख जिल्ला अधिकारी पुण्यविक्रम पौडेललगायत चारवटै जिल्ला सुरक्षा समितिका पदाधिकारीको सहभागिता रहेको संयुक्त बैठकले चारवटै जिल्लाका नाकासमेत कडाइ गर्ने निर्णय गरेको छ ।

बैठकबारे जानकारी दिँदै भक्तपुरका प्रजिअ रिजालले सबै जिल्लासँग सरोकार राख्ने विकास निर्माणका योजनामा शान्ति सुरक्षाको व्यवस्था गर्ने, गुणस्तरलगायत दृष्टिकोणले आइपर्ने समस्या समाधान गर्ने, विपद्मा आइपर्ने समस्या समाधान गर्ने, अन्तरजिल्ला नाका हुँदै लागुऔषध ओसारपसार, वन्यजन्तु तथा वन पैदावार र आखेटोपहार आदि चोरी निकासीलगायत आपराधिक एवं अवैध गतिविधि नियन्त्रण गर्ने निर्णय भएको बताए ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BOUQUET EXPRESS EST.

पूर्व स्वीकृति मिति २०८०/०३/२५ | LT. No. 289049 | चलानी नं. ६०२०४४४०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ARTIFICIAL FLOWERS MAKER | 2 | 0 | 1500 | ५२,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन २ गते (18th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैँले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/– कामदार आफैँले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैँले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Muskan Overseas Pvt. Ltd.**
Govt. License 1342/074/75
Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Hadi Bin Shujaa Contracting Company

पूर्व स्वीकृति मिति : २०८०/०३/२५ | LT. No. 289080 | चलानी नं. ६०२०४४१९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 3 | 0 | 1900 | ६६८०३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन २ गते (18th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैँले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**MBK OVERSEAS PVT. LTD.**
श्रम ईजाजत नं. ५४२/०६१/०६२
Samakhusi, Ktm, Nepal, Tel:- +977-4989760 / 4989761, Fax:- + 977-1-4989762
Email: mbkoverseas@gmail.com, www.mbkoverseas.com
Contact: 9841935884, 9841541592, 9808658844, 9842716845, 981533303

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ABJ ENGINEERING & CONTRACTING CO KSC (CLOSED)

पूर्व स्वीकृति मिति : २०७८/११/०६ | पूर्व स्वीकृति मिति : २०८०/०३/२५ | LT. No. 258285 | चलानी नं. ६०१७४६९१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KWD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolding Fixer | 60 | 0 | 110 | ४३,६३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन २ गते (18th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैँले सेवा शुल्कः १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**LOTUS Human Resourse Pvt. Ltd**
A Complete Human Resource Company
Govt Lic No. 780/065/066
P.O. Box: 23440, Basundhara, Kathmandu, Nepal. Tel: +00977-1-4366177/4366189, Fax: 00977-1-4366035
Email: Info@lotushrnepal.com.np, Web: Www.lotushrnepal.com.np

## जापानमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NSUPPORT BUSINESS COOPERATIVE

पूर्व स्वीकृति मिति २०७८/१२/०२ | LT. No. 281831 | चलानी नं. ६०२०४४३०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब Yen | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SCAFFOLDER | 3 | 0 | 154638 | १, ४२,७०५ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : FUAN ENTERPRISE CO OPERATIVE SOICETY

पूर्व स्वीकृति मिति २०७८/१२/०२ | LT. No. 282415, 282416, 282414 | चलानी नं. ६०२०४४३२, ६०२०४४३३, ६०२०४४३१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब Yen | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SCAFFOLDER | 9 | 0 | 154638 | १,४२,७०५ | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन २ गते (18th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैँले सेवा शुल्कः ३०,०००/-

■ प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरूः
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः जम्मा रू. ३०,०००/- (तिस हजार) मात्र ।
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोटः** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**Lions International Nepal Pvt. Ltd.**
Govt. License 340/059/060
Lainchour, Ktm Nepal. Tel: +977 1 4544333/4544642/4512587
Email ID: lions.manpower@gmail.com, lions@mail.com

## कतार/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL DHAFI CAR WASH & PROTECTION

पूर्व स्वीकृति मिति २०८०/०२/१७ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०३/२५ | LT. No. 286918 | चलानी नं. ६०२०२२६९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 15 | 0 | 1000 | ३६,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैँले सेवा शुल्कः निःशुल्क

कम्पनी : LAUNDRY SARAH ABDUL SHAHEED BUN ABDUL AL HAY AL ABD RAB AL NABI FOR CAR SERVICES

पूर्व स्वीकृति मिति २०७९/१०/२२ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०३/२५ | LT. No. 280508 | चलानी नं. ६०१९६०४६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mobile Vehicle Washer | 2 | 0 | 1300 | ४५,७०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन २ गते (18th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैँले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Mansur Manpower Pvt.Ltd.**
Govt. License 1218/074/075
G.P.O. Box: 473 Sambhu Marg, Airport Manpower Bazar, Kathmandu Nepal
Mobile :9869078928/9801101714/9813536694
E-mail: saim.mansur2017@gmail.com, mansur.manpower2017@gmail.com Website: www.mansurmanpower.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SULEIMAN BIN FALEH BIN AQIL AL-ANAZI PAPER PRODUCTS FACTORY

पूर्व स्वीकृति मितिः २०८०/०३/२५ | LT. No. 289115 | चलानी नं. ६०२०४४५१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 10 | 0 | 1800 | ६३२७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन २ गते (18th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैँले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**JERRY MANAGEMENT SYSTEM Pvt. Ltd.**
Govt. License 1031/068/69
P.O.Box: 12235, Dhobhighat-4, Lalitpur. Tel: +977-1-5153487, Fax: 01-5524634
Web : www.jerryms.com, Email: jerryms03@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TAHALF COMPANY LIMITED

पूर्व स्वीकृति मितिः २०८०/०३/२१ | LT. No.288965 | चलानी नं. ६०२०४४४१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee Maker | 7 | 0 | 1600 | ५६,२५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन २ गते (18th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैँले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Ishan Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ५३२/२०६१/०६२
Samakhusi , Kathmandu, Nepal, Tel: 01-4380272 / 4380273 Fax : +977-1-5547945, E-mail : maniishannepal@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NORA BINT RASHID BIN ALI BIN HAMMOUD RESTAURANT TO SERVE MEALS

पूर्व स्वीकृति मिति २०८०/०३/२५ | LT. No. 289123 | चलानी नं. ६०२०४४४८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 1 | 0 | 1400 | ४९,२२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Food And Beverage Counter Worker | 1 | 0 | 1000 | ३५,१६० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन २ गते (18th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैँले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Honesty Overseas Pvt.Ltd.**
श्रम ईजाजत नं. १०००/०६८/०६९
Basundhara Chowk-8, Kathmandu, Nepal
Phone No.: +977-1-4364494, 4352243
Email : honestyoverseas@gmail.com,Web: www.honestyoverseas.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALL IS WELL DECORATION

पूर्व स्वीकृति मिति २०८०/०३/२५ | LT. No. 289038 | चलानी नं. ६०२०४४१७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 15 | 0 | 1000 | ३५,१६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : A FAREWELL RESTAURANT TO SERVE MEALS

पूर्व स्वीकृति मिति २०८०/०३/२५ | LT. No. 289025 | चलानी नं. ६०२०४४०२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 1 | 0 | 1700 | ५९,७७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन २ गते (18th July. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैँले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**GULF MANAGEMENT INTERNATIONAL PVT.LTD**
श्रम ईजाजत नं. ७८८/०६५/०६६
P.O.Box :- 10440, Tokha-9, Gongabu, Kathmandu, Nepal,
Tel. :- +977-1-5906493, 4970134, Mobile: 9851231432, 9849205504
E-mail :- gulfmanagementinter@gmail.com, Web Site :-www.gulfmmi.com

# प्रभाव दैनिक





## मुस्कानको 'पञ्चामृत' मा निरूता र उत्तम

निर्देशक मुस्कान ढकाल नयाँ फिल्म 'पञ्चामृत' निर्देशनको तयारीमा छन् । भदौबाट सुटिङ्मा जाने तयारी गरिएको फिल्म आध्यात्मिक–लभस्टोरी कथावस्तुमा बन्ने लागेको हो । सौगात मल्ल, निरूता सिंह, विपना थापा, उत्तम प्रधान र मिथिला शर्माको अभिनय रहने फिल्मका लागि केही कलाकार छनौटको क्रमा जारी छ । छिट्टै कलाकार छनौट सकाएर निर्माण युनिट प्रिप्रोडक्सनमा जुट्नेछ ।'नाईं नभन्नू ल ३' बाट निर्देशनमा डेब्यू गरेका मुस्कानको यो तेस्रो पि:लम हुनेछ । उनले यस अगाडि 'समर लभ' निर्देशन गरेका थिए । तीन च्याप्टरमा निर्माण हुने फिल्मको स्क्रिप्ट सबै च्याप्टरको तयार रहेको बताइन्छ । 'दर्पण छायाँ' जोडी उत्तम र निरूताले डेढ दशकपछि यो फिल्म मार्फत एकसाथ काम गर्न लागेका हुन् ।




मंगलबार, २६ असार २०८० (Tuesday, July 11, 2023)


# मोफसलमा 'बगान'



■ प्रभाव संवाददाता

**काठमाडौं–** आउँदो शुक्रबारबाट प्रदर्शन हुन लागेको चलचत्रि 'बगान'को टिम मोफसल भ्रमणमा रहेको छ । चितवनबाट सुरु भएको भ्रमणअन्तर्गत बुटवलमा सकेर आइतबार पोखरामा पत्रकार सम्मेलन गरिने निर्माता तथा गीतकार सुरेश वाग्लेले जानकारी दिए ।

'दर्शक र मोफसलका सञ्चारकर्मीसँग प्रत्यक्ष भेटेर साक्षात्कार गर्ने उद्देश्यले प्रदर्शनकै सातामा समेत मोफसल भ्रमण गरेका हौं । हाम्रो सार्वजनिक सामग्रीलाई लिएर उहाँहरू उत्साहित हुनुहुन्छ । केही समयको अन्तरालमा पूर्ण पारिवारिक फिल्म लिएर आउँदैछौं,' निर्माता वाग्लेले भने ।

भ्रमणमा निर्माता वाग्लेसँगै निर्देशक सरोज खनाल, अभिनेत्रीद्वय करिश्मा मानन्धर र प्रमिला कार्की छन् । डेब्यु अभिनेत्री कार्कीले मोफसल भ्रमण गर्दा भईरहेको साक्षात्कारमा चलचित्रसम्बन्धी जानकारी गराइरहेको बताइन् । 'हामीले प्रत्यक्ष रूपमै उहाँहरूको जिज्ञाषा मेटाईरहेका छौं । यो मेरो लागि पहिलो अनुभवसमेत हो', अभिनेत्री कार्कीले भनिन् ।

यस्तै, चितवनमा गरिएको पत्रकार सम्मेलनपश्चात टिमले भरतपुर महानगरपालिका प्रमुख रेणु दाहालसँग भेट गरेको थियो । एकल महिलाको संघर्षसँगै शिक्षाले ल्याउने परिवर्तनलाई देखाइएको फिल्मको बारेमा प्रमुख दाहालले जिज्ञासा राखेकी थिइन् ।

'प्रमुख दाहालले उठान गरेको विषयको बारेमा जानकारी लिँदै यी र यस्तै महिलासँग जोडिएको विषयलाई फिल्ममार्फत समाजमा ल्याउनु पर्ने बताउनुभयो । उहाँ समेत फिल्म हेर्न ईच्छुक हुनुहुन्छ,' निर्माता वाग्लेले भने ।

बगान समूहले एकल आमाले परिचय खुल्ने विवरणका आधार पेस गरेर नि:शुल्क फिल्म हेर्न पाउने घोषणा समेत गरिसकेको छ । यसमा नीर शाह, बसुन्धरा भुसाल र मिथिला शर्मा लगायतको पनि अभिनय रहेको छ । स्वप्निल नीरवको कथामा आधारित रहि बनेको यो फिल्ममार्फत अभिनेता खनालले निर्देशनमा र अभिनेत्री कार्कीले अभिनयमा डेब्यु गरेका हुन् ।

नेपाली वेबसाइट डटकमको प्रस्तुति रहेको 'बगान'का निर्माता सुरेश वाग्ले हुन् भने कार्यकारी निर्माता विनोद मानन्धर हुन् । यसमा गौरीशंकर धुजुको डिओपी, उत्सव दाहाल र नारायण जिसीको छायांकन, सन्देश शाहको सम्पादन, समिर मियाँको भि.एफ.एक्स. तथा रेनिश फागोको कलर करेक्शन रहेको छ । ब्याकराउन्ड स्कोर सुजिल कर्माचार्य र साउन्ड मिक्सिङ मुकेश शाहको रहेको छ । हरि लम्साल र सुवास भुसालको संगीत रहेको फिल्मका गीतमा अञ्जु पन्त, सुगम पोखरेल र अस्मिता अधिकारीको स्वर रहेको छ । चलचित्रको वितरण रिच इन्टरटेन्मेन्ट र डिसिएनले काठमाडौं उपत्यका र बाहिर एफडी कम्पनीले गर्दै छ ।

### ११औं नेपाल अफ्रिका फिल्म फेस्टिबल

# 'द ट्रेन अफ साल्ट एन्ड सुगर' र 'प्रकाश' सर्वोत्कृष्ट फिचर फिल्म

■ प्रभाव संवाददाता

**काठमाडौं–** ११ औं संस्करणको नेपाल अफ्रिका फिल्म फेस्टिबल २०२३ मा नेपाली प्रतिस्पर्धामा दिनेश राउतको चलचित्र प्रकाश उत्कृष्ट भएको छ । प्रकाशबाटै विकास सुवेदीले सर्वोत्कृष्ट स्कृप्टको अवार्ड, प्रकाश चलचित्रकै मान्छे मान्छे गीतबाट एलिस कार्कीले उत्कृष्ट संगीतकारको अवार्ड चुमेका छन् ।

शनिबार २३ असारबाट सोमबार २५ असारसम्म काठमाडौंको नाचघरमा प्रदर्शन भएका चलचित्रबाट विभिन्न उत्कृष्ट विधामा अवार्ड प्रदान गरिएको हो । कार्यक्रममा सर्वोत्कृष्ट अभिनेताको अवार्ड चलचित्र प्रेमगञ्जबाट तेज गिरीले र सर्वोत्कृष्ट अभिनेत्रीको अवार्ड चलचित्र भाग्यबाट अभिनेत्री निता ढुंगानाले जितिन् । गीति चलचित्र भाग्यले जुरी अवार्ड पायो भने भाग्यबाटै रोशन कुमार श्रेष्ठले सर्वोत्कृष्ट निर्देशकको अवार्ड, भाग्यबाटै अभिनेता यसराज (सुरज) गराचले अभिनेता तर्फको जुरी अवार्ड र सुनिल कटुवालले सह अभिनेताको अवार्ड जिते । सर्वोत्कृष्ट सह अभिनेत्रीको अवार्ड चलचित्र परिवारबाट बसुन्धरा भुसालले हाँसिल गरिन् ।

नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका पूर्व उपकुलपति तथा अग्रज संगीतकार शम्भुजीत बासकोटाको प्रमुख आतिथ्यमा भएको समापन समारोहमा बेस्ट सिनेमाटोग्राफरको अवार्ड फिल्म हुक्काबाट कृष्णबहादुर थापाले, बेष्ट एडिटरको अवार्ड फिल्म परिवर्तन (द चेन्ज)बाट वीरन्द्र भाट विपिनले हाँसिल गरे ।

यस्तै बेष्ट सर्ट फिल्मको अवार्ड प्रधुम्न मिश्र निर्देशित फिल्म दुविधाले र बेस्ट डक्युमेन्ट्रीको अवार्ड रोशनी केसी



निर्देशित बृत्तचित्र डेडिकेसन (समर्पण)ले र बेष्ट स्टुडेन्ट फिल्मको अवार्ड नेपाल फिल्म क्याम्पसका सामल कुमार बज्राचार्यले फिल्म 'हावाम्यान'बाट जिते । राष्ट्रिय तर्फको निर्णायकमा अग्रज चलचित्र निर्देशक सत्यराज चौलागाई, गायकद्वय नमराज ढुंगाना, नारायण थापा, अग्रज एरेन्जर अमोस तामाङ र ध्वानी सम्पादक मनोज परियार थिए ।

अन्तराष्ट्रिय तर्फ घानाको सर्ट फिल्म 'या' बाट निर्देशक इसी ह्यामोहले जुरी अवार्ड जितिन् । बेस्ट अफ्रिकन डक्युमेन्ट्रीको अवार्ड जिम्वावेको डक्युमेन्ट्रि 'कलिङ द डेड'ले हाँसिल गर्दा केन्या र जर्मनको कात्जा बेनरज निर्देशित सर्ट फिल्म 'वाटु वाटो'ले बेष्ट अफ्रिकन सर्ट फिल्मको अवार्ड हाँसिल गऱ्यो । लिसिनियो एजेभेदो निर्देशित मोजाम्बियाको फिल्म 'द ट्रेन अफ साल्ट एन्ड सुगर'ले सर्वोत्कृष्ट अफ्रिकन फिचर फिल्मको अवार्ड चुम्यो । नायक अभिनेता आर्यन सिग्देल, निर्देशक सुदर्शन थापा, कान्तिपुरका कपी एडिटर पारस प्रकाश नेपाल, गायिका तथा संगीतविज्ञ झुमा लिम्बु र अभिनेता/गायक तथा फेसन टोक्नोलोजी विशेषज्ञ फुपु तेन्जिङ शेर्पा अन्तराष्ट्रिय अफ्रिकन फिल्मको निर्णायकमा थिए । सोही कार्यक्रममा अन्तराष्ट्रिय इभेन्ट डिरेक्टर निशु कान्त झा, अन्तराष्ट्रिय मेकअप आर्टिष्ट सुष्मा पौडेल (गीता) र संगीतकार सरोज कोईरालासम्मानित भए ।

कलेज अफ जर्नालिज्म एन्ड मास कम्युनिकेशनको आयोजना तथा चलचित्र विकाश बोर्ड र लिक्षण क्रियसन प्रा.लि.को सह आयोजनामा सम्पन्न यो समारोहमा अन्तराष्ट्रिय तर्फ ११ का दश वटा अफ्रिकन फिल्म र राष्ट्रिय तर्फ नेपालका १२ वटा गरी कुल २२ वटा फिल्म प्रदर्शन गरियो ।

महोत्सबमा बीरेन्द्र हमालले माईम एक्ट सम्बन्धि एक दिवसीय अभिनेया प्रशिक्षण विभिन्न १८ जनालाई दिए । यस्तै महोत्सबको दोश्रो दिन नेपाली सर्ट फिल्मको अन्तराष्ट्रिय बजार विषयमा भएको अन्तर क्रियामा चलचित्र विकाश बोर्ड सदस्य राजु केसी, यो महोत्सबका कोअर्डिनेटर चिरञ्जिवी गुरागाईं, निर्देशक तथा समीक्षक मनोज पण्डित, सर्ट फिल्म निर्माता सुसान्त श्रेष्ठ बक्ता थिए । अन्तरक्रियालाई सञ्चारकर्मी विष्णु सुवेदीले सहजीकरण गरेका थिए ।

समारोहमा नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका पूर्व कुलपति तथा अग्रज संगीतकार बासकोटाले यस्तो अन्तराष्ट्रिय महोत्सबलाई सरकारले विशेष सहयोग गर्नु पर्ने बताए । यस्तै नेपाल फिल्म सोसाईटीका अध्यक्ष कृष्ण मल्लले एउटा फरक अन्तराष्ट्रिय फिल्म महोत्सबका रूपमा नेपाल अफ्रिका फिल्म फेस्टिबल स्थापित भएको छ भने ।

आयोजक संस्था कलेज अफ जर्नालिज्मकी प्रिन्सिपल एवम्म फेस्टिबल डिरेक्टर डा. मञ्जु मिश्रले अफ्रिकाले आफुहरूलाई वेवस्ता गर्दा पनि नेपालमा महोत्सब गर्दै आएको छु भनिन् । निर्माता संघका अध्यक्ष नवल खड्का, निर्देशक समाजका अध्यक्ष जनकदीप पराजुली, कलाकार संघका महासचिब सविन श्रेष्ठ, कोशी प्रदेशकी साँसद मिना श्रेष्ठ लगायतले नेपालमा बसेर सिने प्रेमीलाई अफ्रिकन फिल्मको स्वाद यो महोत्सबले दिँदै आएको बताए ।

महोत्सबका म्यानेजर डब्बु क्षत्रीले आर्थिक अभावका कारण पनि आफुहरूले यो महोत्सबलाई आफ्नै खर्चमा यहाँसम्म ल्याउन सकेको बताए । महोत्सबबाट अफ्रिका महाद्धिप र बारिहका सिनेकर्मीले अफ्रिकामाथि बनेका उत्कृष्ट फिल्मलाई देखाउने गरेको क्षत्रीले बताए । समापन समारोहमा गायक सविन सुवेदीले गीत प्रस्तुत गरेर दर्शकलाई मनोरम तुल्याए । यसरी असार २३ देखि २५ सम्म १२ मुलकका २२ चलचित्र प्रदर्शन, विभिन्न कार्यक्रम र उत्कृष्ट विधामा अवार्ड प्रदान गर्दै सोमबार बेलुका यो महोत्सब सकिएको छ ।



### प्रधानमन्त्री कप भलिबल

# पुलिसको लगातार तेस्रो जित

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल पुलिस क्लबको महिला टोलीले सातौं प्रधानमन्त्री कप ए.भि.ए महिला तथा पुरुष राष्ट्रिय क्लब लिग २०८० मा लगातार तीन जित निकालेको छ ।

आज सम्पन्न खेलमा पुलिसको महिला टोलीले नेपाली सेनाको त्रिभुवन आर्मी क्लबलाई ३-० ले पराजित गर्दै थप ३ अंक जोडेको छ । पुलिसले एक तर्फी खेलमा आर्मीलाई २५-१८, २५-१२, २५-१८ ले पराजित गरेको हो । यस जित संगै पुलिसको ९ अंक भएको छ । यस अघि पुलिसले गण्डकी प्रदेश र एभरेष्ट भलिबल क्लबलाई पराजित गरेको थियो ।

नेपाल भलिबल संघको आयोजनमा भएको लिग प्रतियोगिताको अर्को खेलमा एपिएफले गण्डकी प्रदेश भलिबल क्लबलाई २५-१२, २५-१८, २५-८ को सोझो सेटमा पराजित गर्दै आफ्नो खातामा थप ३ अंक जोडेको छ । एपिएफको लिगमा यो दोश्रो जित हो । यस अघि एपिएफले आर्मीलाई




पराजित गरेको थियो । एपिएफको ५ अंक भएको छ । आर्मी संग एपिएफले अंक बाँढेको थियो ।

यस्तै आजै सम्पन्न महिला तर्फको अर्को खेलमा होङ्गवान्जी न्यु डायमन्ड क्लबले एभरेष्ट भलिबल क्लबलाई ३-० को सोझो सेटमा पराजित गऱ्यो । डायमन्डले २५-१७, २५-१२, २५-१२ को जित निकालेको हो । यस संगै डायमन्डको ६ अंक भएको छ । यस अघि डायमन्डले गण्डकीलाई पराजित गर्दै ३ अंक जोडेको थियो । अंक तालिकामा डायमन्ड दोश्रो स्थानमा रहेको छ ।

राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा भएको खेलमा टिपटप हेल्प नेपाल क्लबले दोश्रो जित आत्मसाथ गरेको छ । आज सम्पन्न खेलमा हेल्प नेपालले दावाँली मिलन क्लबलाई ३-० सेटमा पराजित गरेको हो । पहिलो सेट २५-१७ ले जितेको हेल्प नेपालले दोश्रो सेट २५-२२ र तेश्रो सेट २५-२१ ले जित्दै थप ३ अंक आफ्नो खातामा लेखाएको हो । यसका साथै हेल्प नेपालको ६ अंक भएको छ । हेल्प नेपालले यस अघि सैलुङ्ग बाघढुङ्गालाई पराजित गर्दै ३ अंक जोडेको थियो ।

पुरुष तर्फकै अर्को खेलमा आर्मीले गण्डकी प्रदेशलाई ३-० ले पराजित गऱ्यो । संघर्षपूर्ण खेलमा आर्मीले ३ भारतीय खेलाडी सम्मिलित टोली गण्डकीलाई २५-१९, २६-२४, ३३-३१ ले पराजित गरेको हो । यस जितका साथ आर्मीको ९ अंक भएको छ । यस अघि आर्मीले दावाँली मिलन क्लब र सैलुङ्ग बाघढुङ्गलाई जितेको थियो ।

# शेर्पाको अध्यक्षतामा क्लब एसोसियसन गठन

■ प्रभाव संवाददाता

**काठमाडौं–** कर्माछिरिङ शेर्पाको अध्यक्षतामा नेपाल फुटबल क्लब एसोसियसन समिति गठन गरिएको छ । काठमाडौंमा सोमबार भएको डिभिजन क्लबहरूको भेलाको शेर्पाको अध्यक्षतामा तदर्थ समिति गठन गरेको हो । समितिको उपाध्यक्षमा मनाङ क्लबका अध्यक्ष विजय घले र आरसीटीका कुमार राज भण्डारी छन् ।



यस्तै महासचिवमा उपेन्द्रमान सिंह, सचिवमा ध्रुव बिक्रम पाण्डे र कोषाध्यक्षमा मनोरथ आचार्य छन् । सदस्यमा इन्द्रमान तुलाधर, विश्वास बिक्रम शाह, कपिला राना, डिकेन सुवाल, रामकुमार तामाङ, शिक्षित पराजुली र दिपक ज्ञवाली छन् ।

डिभिजन क्लबहरूको हक, हित र अधिकारका लागि संगठित रूपमा अघि बढ्ने उद्धेश्य सहित क्लब एसोसियसन गठन गरिएको मनाङ क्लबका अध्यक्ष विजय घलेले बताए । एन्फाको पछिल्लो कार्यशैलीप्रति डिभिजन क्लबहरू असन्तुष्ट रहदै निरन्तर भेला गर्दै आएका थिए । आफ्ना माग सुनुवाई नभएपछि क्लबहरू संगठित भएर अघि बढ्ने निर्णय गरेका छन् । समितिमा ए, बी र सी डिभिजनका अधिकांश क्लबहरूको सहभागीता र एक्यबद्धता देखिएको छ । समितिको अध्यक्षमा रहेका शेर्पा यसअघि अखिल नेपाल फुटबल संघ एन्फाका केन्द्रिय अध्यक्ष रहेका थिए ।

# नेपाली टोली श्रीलंका प्रस्थान

**काठमाडौं (प्रस)–** विश्वकप छनोट क्रिकेट खेलेर घर फर्केको चौथो दिन नेपाली क्रिकेट टिम श्रीलंका प्रस्थान गरेको छ । श्रीलंकामा एशियाका टेष्ट मान्यता प्राप्त सहितका ८ राष्ट्र सम्मिलित एसीसी इमर्जिङ टिम्स एसिया कप हुँदै छ ।

इमर्जिङ कपमा नेपाल बाहेकका देशले आफ्नो ए टिमलाई सहभागी गराउनेछन् । नेपालले जिम्बाव्वेमा भएको विश्वकप छनोट खेलेका ११ जना र ५ जना नयाँ खेलाडी सम्मिलित राष्ट्रिय टिम नै पठाएको छ । प्रतियोगितामा नेपालले भारत ए, पाकिस्तान ए र यूएई एसँग खेल्नेछ ।

एशिया कप क्रिकेट प्रतियोगिता हुनुभन्दा दुई महिनाअघि हुन लागेकाले इमर्जिङ कपलाई नेपालले एशिया कपकै तयारीका रूपमा लिएको छ । 'इमर्जिङ टिम्स एसिया कपको लागि बिल्डअप हो । यसलाई हामीले अवसरका रूपमा लिनुपर्छ र केही खेल जित्नका लागि प्रयास गर्नुपर्छ', सोमबार श्रीलंका प्रस्थान गर्नुअघि मुख्य प्रशिक्षक मोन्टी देसाइले भने । दुई महिनापछि हुने एसिया कपमा नेपालले भारत र पाकिस्तानको सिनियर टिमसँग खेल्ने छ ।

इमर्जिङ कपमा यूएईले पनि ए टिम नै पठाउने भएकाले यस प्रतियोगिताका कुनै पनि खेलले ओडीआई मान्यता पाउने छैन । त्यसैले टेष्ट मान्यता प्राप्त देशको टिमको ए टिमसँग खेल्दै एसिया कपका लागि तयारी गर्ने नेपालको लक्ष्य छ । प्रतियोगिता १३ जुलाई देखी २३ जुलाई सम्म श्रीलंकामा हुनेछ । नेपाल समूह बी मा छ । नेपालको समूहमा युएई, पाकिस्तान ए र भारत ए छन् । त्यस्तै समूह ए मा श्रीलंका ए, बंगलादेश ए, अफगानिस्तान ए र ओमान छन् ।

नेपालले १४ जुलाईमा पहिलो खेल पाकिस्तान ए सँग खेल्नेछ । नेपालले दोस्रो खेलमा १७ जुलाई मा भारत ए को सामना गर्नेछ । समूह चरणको अन्तिम खेलमा नेपालले १९ जुलाईमा युएईसँग खेल्नेछ । २१ जुलाईमा प्रतियोगिताको सेमिफाइनल खेल रहेको छ । फाइनल २२ जुलाईमा हुनेछ ।

**नेपालको टोली :**

कुशल भुर्तेल, आसिफ शेख, अर्जुन साउद, रोहित पौडेल (कप्तान), कुशल मल्ल, पवन सराफ, देव खनाल, गुलशन झा, सोमपाल कामी, भीम सार्की, श्याम ढकाल, प्रतिश जि.सी, ललित राजवंशी, किशोर महतो, सन्दीप जोरा र सूर्य तामाङ ।

# विश्वकप छनोट: श्रीलंका च्याम्पियन

■ प्रभाव संवाददाता

**काठमाडौं–** जिम्बावेमा सम्पन्न आइसीसी विश्वकप छनोट प्रतियोगितामा श्रीलंका अपराजित रूपमा च्याम्पियन बनेको छ । आईतबार सम्पन्न फाइनल खेलमा नेदरल्यान्ड्सलाई पराकिलो अन्तरले पराजित गरि श्रीलंका च्याम्पियन भएको हो ।

हरारे स्पोर्टस क्लबमा भएको फाइनल खेलमा श्रीलंका १ सय २८ रनको फराकिलो अन्तरले पराजित गर्दै उपाधि जितेको छ ।

श्रीलंका अपराजित रहँदै च्याम्पियन भएको श्रीलंका यसअघि नै भारतमा हुने विश्वकपमा छनोट भईसकेको थियो ।

यस छनोटबाट भारतमा हुने विश्वकपमा नेदरल्यान्ड्स र श्रीलंकाले स्थान बनाएका थिए । श्रीलंकाले दिएको २ सय ३४ रनको लक्ष्य पछ्याएको नेदरल्यान्ड्स २३ दशमलब ३ ओभरमा १ सय ५ रनमा अलआउट भयो ।

नेदरल्यान्ड्सका लागि ओपनर म्याक्स ओडाउडले ६३ बलमा १ चौका र १ छक्कासहित सर्वाधिक ३३ रन बनाए ।

लोगन भान बिकले अविजित २० रन बनाउँदा विक्रमजित सिंह १३ रन बनाए । नेदरल्यान्ड्सका अन्य कुनैपनि ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन् ।

श्रीलंकाका लागि महेश थिक्सेनाले ४ तथा दिलशान मदुशानकाले ३ विकेट लिए । वानिन्दु हसरंगाले आफ्नो नाममा २ विकेट राखे ।

त्यसअघि टस हारेर पहिला ब्याटिङको गरेको श्रीलंका ४७ दशमलब ५ ओभरमा २ सय ३३ रनमा अलआउट भएको थियो ।

श्रीलंकाका सेहान अर्चाचिगेले ७१ बलमा ४ चौकासहित ५७ रनको अर्धशतकीय ईनिङ खेले ।

कुशल मेन्डिस ५२ बलमा ५ चौका र १ छक्कासहित ४३ तथा चरिथ असलंका ३६ रन बनाए । पाथुम निसांका २३ तथा सदिरा समाराविक्रमा १९ रनमा आउट भए ।

नेदरल्यान्ड्सका लोगन भान बिंक, रायन केलिन, विक्रमजित सिंह र सकिब जुलफिकरले समान २/२ विकेट लिए ।

# चीनको पूर्वप्राथमिक विद्यालयमा आक्रमण, ६ जनाको मृत्यु

**बेइजिङ–** दक्षिणी चीनको गुआंडोङ प्रान्तको एक पूर्वप्राथमिक (किन्डरगार्डेन) विद्यालयमा सोमबार भएको आक्रमणमा परी छ जनाको मृत्यु हुनुका साथै एक जना घाइते भएको सरकारी प्रवक्ताले बताएका छन् । मृत्यु हुनेमा एक शिक्षक, दुई अभिभावक र तीन विद्यार्थी रहेका छन् ।

उनले लियानजियाङ सहरमा भएको आक्रमणमा प्रयोग भएका हतियार, पीडितको पहिचान र उमेरबारे विस्तृत जानकारी दिएका छैनन । 'घटनामा संलग्न रहेको आरोपमा शंकास्पद एक जनालाई पक्राउ गरिएको छ,' उनले भने । प्रहरीले घटनाको अनुसन्धान भइरहेको जनाएको छ ।

स्थानीय प्रहरीले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'शंकास्पद व्यक्ति वु नाम गरेका २५ वर्षीय पुरुष रहेका र उनको घटनासँगको संलग्नताबारे अनुसन्धान भइरहेको छ ।' चाइना न्युज नेटवर्कका अनुसार स्थानीय समयअनुसार ७:४० बजे उक्त घटना भएको हो । अपराधस्थल देखाउने दाबी गर्दै पैदलयात्रीहरूले खिचेको र पोस्ट भएका भिडियोहरू चीनमा प्रसिद्ध सामाजिक सञ्जाल वेइबोबाट हटाइएको छ ।

बन्दुकलाई कडाइका साथ नियन्त्रण गरिए पनि चीनले धारिलो हतियार प्रहार गरी हुने घटनालाई नियन्त्रण गर्न संघर्ष गरिरहनुपरेको छ । हालैका दशकहरूमा अर्थतन्त्रमा वृद्धि भएको छ र धनी र गरिबबीचको खाडल तीव्ररूपमा फराकिलो भएको छ । *रासस/सिन्ह्वा*

# अमेरिकी जासुसी विमान खसाल्ने उत्तर कोरियाको चेतावनी

**सियोल–** उत्तर कोरियाले आफ्नो हवाई क्षेत्र उल्लंघन गर्ने कुनै पनि अमेरिकी जासुसी विमानलाई गोली हानेर खसाल्ने चेतावनी दिँदै कोरियाली प्रायद्वीपनजिकै आणविक क्षेप्यास्त्र पनडुब्बी तैनाथ गर्ने वासिङ्टनको योजनाको निन्दा गरेको छ । संयुक्त राज्य अमेरिकाले 'युद्धकालको स्तरभन्दा बढी जासुसी गतिविधिलाई तीव्र पारेको' उत्तर कोरियाको राष्ट्रिय रक्षा मन्त्रालयका एक प्रवक्ताले बताएका छन् ।

अमेरिकी जासुसी विमानहरूले यस महिना लगातार आठ दिनमा 'उत्तेजक' उडान गरेका छन् । एउटा जासुस विमानले पूर्वीसागरमा उत्तर कोरियाको हवाई क्षेत्रमा 'धेरै पटक' घूसपैठ गरेको उत्तर कोरियाली अधिकारीले दाबी गरेका छन् । 'अमेरिकी वायु सेनाको रणनीतिक जासुस विमान खसाल्नेजस्तो डरलाग्दो दुर्घटना कोरियाको पूर्वीसागरमा हुने छैन भन्ने कुनै ग्यारेण्टी छैन,' प्रवक्ताले कोरियन सेन्ट्रल न्युज एजेन्सीलाई उद्धृत गरेको विज्ञप्तिमा भनिएको छ ।

प्रवक्ताले प्योङयाङले अमेरिकी विमान खसालेको विगतका घटनाहरूको हवाला दिँदै अमेरिकाले आफ्नो हवाई जासुसीको मूल्य चुकाउने चेतावनी दिए । वक्तव्यमा कोरियाली प्रायद्वीपमा अमेरिकी रणनीतिक आणविक सम्पत्ति तैनाथ गर्ने योजनालाई उत्तर कोरियाका लागि 'सबैभन्दा अघोषित आणविक ब्ल्याकमेलिङ' को संज्ञा दिँदै यसले क्षेत्रीय र विश्वव्यापी सुरक्षाका लागि गम्भीर खतरा उत्पन्न गरेको उल्लेख गरिएको छ ।

'अमेरिकी उत्तेजक सैन्य कारबाहीका कारण कोरियाली प्रायद्वीपको अवस्था आणविक द्वन्द्वको संघारमा पुगेको वर्तमान अवस्थाले स्पष्टरूपमा प्रमाणित गरेको छ,' विज्ञप्तिमा भनिएको छ । वासिङ्टनले गत अप्रिलमा दक्षिण कोरियाको बन्दरगाहमा दशकौंपछि पहिलोपटक भ्रमण गर्न आणविक हतियारले सुसज्जित ब्यालेस्टिक पनडुब्बी पठाउने घोषणा गरेको थियो ।

उत्तर कोरियाले यस वर्ष आफ्नो सबैभन्दा शक्तिशाली अन्तरमहादेशीय ब्यालेस्टिक क्षेप्यास्त्रको परीक्षण गर्ने र मे महिनामा सैन्य जासुसी उपग्रहलाई कक्षमा स्थापित गर्ने प्रयाससहित धेरै प्रतिबन्धहरू तोड्ने प्रक्षेपणहरू गरेको छ ।

दक्षिण कोरियाका राष्ट्रपति युन सुक येओलले वासिङ्टनसँग प्रतिरक्षा सहकार्यलाई बढावा दिएका छन् र उन्नत स्टिल्थ जेट र उच्च प्रोफाइल अमेरिकी रणनीतिक सम्पत्तिको साथ संयुक्त सैन्य अभ्यासको आयोजना गरेका छन् ।

